# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक १०२ | काठमाडौं | शुक्रबार, १८ साउन २०८१ | Prabhab National Daily | Friday, August 02, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


## पूर्वमन्त्री बहकिँदा...

### पूर्वमन्त्री वीरेन्द्र महतोले घुस खुवाएको बहकिएर भनेको निष्कर्ष



**काठमाडौं–** पूर्वमन्त्री वीरेन्द्र महतोले बहकिएर बोल्दा सरकारले अनावश्यक दुःख पाएको छ । यही ६ साउनमा बसेको संसद् बैठकमा जनता समाजवादी पार्टी (जसपा)का सांसद रहेका पूर्वमन्त्री महतोले पाठ्यक्रम विकास केन्द्रका कर्मचारीलाई घुस दिएपछि मात्रै काम भएको बताएका थिए । लगत्तै गृहमन्त्री रमेश लेखकले छानबिनका लागि समिति गठन गरेका थिए । उक्त छानबिन समितिले महतोले भनेजसरी घुस लिएर काम भएको नपाइएको जनाएको छ ।

समिति संयोजक वसन्तप्रसाद कोइरालाले सांसदले संसदमा भनेजस्तो कर्मचारीलाई रकम दिएर काम लगाएको छानबिनका क्रममा नपाइएको बताए । 'माननीयज्यू (महतो)ले आफ्नो छोराको समकक्षता लिन पाठ्यक्रम विकास केन्द्रका कर्मचारीलाई बिचौलियामार्फत् पाँच हजार रूपैयाँ घुस दिएको र घुस दिएपछि काम बन्यो भनेपछि छानबिन समिति बन्यो', कोइरालाले भने, 'तर, छानबिन गर्दा त्यस्तो पाइनौं ।'

घुस दिएको छानबिनका क्रममा नपाएपछि समितिले सांसद महतोलाई नै सोधपुछ गरेको थियो । त्यस क्रममा भने महतोले भावनामा आएर त्यसो भनिएको आशय प्रकट गरेका छन् ।

'उहाँले उठाउनुभएको विषय पनि एउटा सेन्टिमेन्टमा उठाएको हो भन्ने खालको कुरा आयो', सांसद महतोले छानबिन समितिसँग भनेको कुराबारे कोइरालाले भने, 'प्रतिनिधि सभामा उठाएको कुरा एउटा सन्दर्भमा उठान गरेको भयो, त्यहाँ भएकै घटना अथवा त्यस्तै किसिमको घटना भएको छ ।'

सांसदले सदनमा घुस दिएको बताएपछि शिक्षा मन्त्रालयले पाठ्यक्रम विकास केन्द्र अन्तरगतको मान्यता, समकक्षता तथा मूल्यांकन शाखाका अधिकृतलाई छानबिन हुन्जेलसम्मका लागि भन्दै जिम्मेवारीबाट हटाएको थियो । अब उनी जिम्मेवारीमा फर्किने भएको छ । कर्मचारीको तलब कम भएको भन्दै सांसद महतोले पर्याप्त तलब नपाएपछि कर्मचारीले रहरले नभई बाध्यताले घुस खाने बताएका थिए । 'म भूपू मन्त्री र मैले हिजो शिक्षा मन्त्रालयको सानोठिमीमा पाँच हजार घुस दिएर आएको छु । कसले पत्याउँछ ? पत्याउनुहुन्छ ? मेरो छोराको सर्टिफिकेट इक्युभ्यालेन्ट गर्नुपर्ने थियो, मैले ११ बजे पठाएको ३ बजेसम्म गर्दिएनन्, यो मिलेन, त्यो मिलेन, यसो भएन, किन मिलेन भन्दाखेरी सबै कागज मिलेको छ, म आफैं गएँ', कोइरालाले बताए ।

उनले कर्मचारीहरूले अति दुःख दिने पनि बताएका थिए । 'म आफैं जाँदाखेरी त्यो एउटा अधिकृतले के भन्यो भने यो कागज मिलेको छैन । मैले भनें, भाइ, दसौंवटा विद्यार्थीको तिमीले गरेका छौं, यो किन गर्दैनौं भन्दा हैन यो मिलेन, म चिया खाने टाइम हो भन्यो' उनले भने ।

सांसद महतोले सदनमा बोलेको यस विषयमा अन्य सांसदहरूले सरकारको जवाफ समेत मागेका थिए । सांसदहरूको प्रश्नमा गृहमन्त्री रमेश लेखकले यो विषयमा छानबिन भइरहेको जवाफ दिएका थिए । यद्यपि, छानबिन समितिले भने अन्ततः महतोले नै घुस नखुवाई खुवाएको भनेर हावादारी कुरा गरेको प्रमाणि गर्न सक्यो । तर, सार्वजनिक सेवा प्राप्ति गर्न भने हरेकजसो सेवाग्राहीले कर्मचारीलाई घुस खुवाउनुपर्ने चलन नयाँ भने होइन ।

## टीआरसी विधेयकमा सहमति

# १८ वर्षपछि शान्ति प्रक्रिया टुंगोन्मुख

मनसायपूर्वक अथवा स्वेच्छाचारी ढङ्गले गरिएको हत्या भनेर त्यसलाई हामीले परिभाषित गर्ने सहमति गरेका छौं, लेखकले बताए । उनका अनुसार यो परिभाषाले द्वन्द्वकालमा नियतपूर्वक गरिएका हत्यालाई पनि सम्बोधन गर्छ ।

■ **रमेश लेखक**
गृहमन्त्री

द्वन्द्वको एक पक्ष हामीले द्वन्द्वकालीन गम्भीर मानव अधिकार उल्लङ्घनका घटनालाई न्यायिक निरुपण गर्न वर्षौंदेखि पहल गर्दै आयौं । बल्ल विधेयकबारे सहमति जुट्यो । यो ऐतिहासिक छ ।

■ **देवेन्द्र पौडेल**
सचिव, नेकपा माओवादी केन्द्र

■ **जेबी योञ्जन**



**काठमाडौं–** सत्तारूढ दुई दल नेपाली कांग्रेस र नेकपा एमालेसँगै विपक्षी दल नेकपा माओवादी केन्द्रले गठन गरेको कार्यदलले सङ्क्रमणकालीन न्यायबारे १८ वर्षदेखि नसुल्झिएको विषयमा सहमति जुटाएको छ । शान्ति प्रक्रियाको बाँकी कार्यभार पूरा गर्ने सन्दर्भमा बिहीबार कार्यदल तहमा जुटेको उक्त सहमतिलाई महत्वपूर्ण मानिएको छ ।

सहमतिअनुसार सङ्क्रमणकालीन न्याय (टीआरसी)सम्बन्धी कानुनलाई संशोधन गर्न बनेको विधेयकलाई परिमार्जन गरिने र त्यसलाई प्रतिनिधिसभाको जारी अधिवेशनबाटै अनुमोदन गरिने छ । त्यसअघि भने कार्यदलले जुटेको सहमतिबारे प्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष केपी शर्मा ओली, कांग्रेस सभापति शेरबहादुर देउवा र माओवादी अध्यक्ष पुष्पकमल दाहालसँग छलफल गर्ने भएको छ । त्यसपछि संसदको कानुन, न्याय तथा मानव अधिकार समितिले टीआरसी विधेयकबारेको प्रतिवेदन संसदमा पेस गर्नेछ ।

विपक्षी दल माओवादीका नेता देवेन्द्र पौडेलले पछिल्लो सहमतिले नेपालको शान्ति प्रक्रियाका बाँकी कार्यभार छिटो पूरा हुने विश्वास व्यक्ति गरेका छन् । उनले नेपालको शान्ति प्रक्रियाको मौलिक विशेषता अन्तर्राष्ट्रियस्तरमा स्थापित हुने पनि दाबी गरे । 'द्वन्द्वको एक पक्ष हामीले द्वन्द्वकालीन गम्भीर मानव अधिकार उल्लङ्घनका घटनालाई न्यायिक निरूपण गर्न वर्षौंदेखि पहल गर्दै आयौं । बल्ल विधेयकबारे सहमति जुट्यो । यो ऐतिहासिक छ', उनले प्रभावसँग भने, 'यसले शान्ति प्रक्रियाको बाँकी कार्यभार टुङ्गोमा पुऱ्याउँछ र यो नेपाली विशेषतामा आधारित शान्ति प्रक्रियाको मार्गचित्र पनि हो ।'

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन २०७१ का कैयौं प्रावधानले क्षमादानलाई प्रोत्साहित गरेको र सङ्क्रमणकालीन न्यायका अन्तर्राष्ट्रिय मूल्यमान्यतालाई आत्मसात् नगरेको भन्दै कानुन परिमार्जन गर्न सर्वोच्च अदालतले नै सरकारको नाममा आदेश दिएको थियो ।


त्यसमाथि अन्तर्राष्ट्रिय कानुनी मान्यताअनुसार गठन नभएका आयोगका कामलाई आफूहरूले मान्यता दिन नसक्ने संयुक्त राष्ट्रसङ्घसहितका निकायले नेपाल सरकारलाई भन्दै आएका थिए । १० वर्षअघि गठन भएका आयोगहरूले राजनीतिक इच्छाशक्ति र कानुनी मार्गदर्शनको अभावमा उजुरी सङ्कलन गर्नेबाहेक खासै परिणाम दिन सकेका छैनन् ।

यस्तोमा प्रतिनिधिसभाको समितिमा विचाराधीन रहेको सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुनको संशोधनसम्बन्धी विधेयकलाई टुङ्गोमा पुऱ्याउने गरी तीन दलबीच सहमति भएको हो । गृहमन्त्री एवं नेपाली कांग्रेस नेता रमेश लेखकले अब टीआरसी विधेयक पारित हुने चरणमा रहेको बताए । 'हाम्राबीचमा मिल्न बाँकी सबै कुरा मिलिसक्यो । यो तीन दलका शीर्ष नेता बसेर बनाएको कार्यदल हो । हामी अरू दललाई पनि सामेल गरेर जाने गरिरहेका छौं । त्यही भएर यो पारित हुन्छ ।'

कार्यदल तहमा भएको सहमतिअनुसार संसद्का दुवै सदनले हाल प्रतिनिधिसभाको समितिमा विचाराधीन विधेयकलाई अनुमोदन गरेको खण्डमा त्यसले टीआरसी अहिलेको कानुनी व्यवस्थामा महत्वपूर्ण परिवर्तन गर्ने छ । कार्यदलले माओवादी र अन्य दलहरूबीच रहेका मूलतः चार असहमतिलाई सम्बोधन गरेको छ । पछिल्लो सहमतिअनुसार द्वन्द्वकालमा भएका हत्यालाई कसरी परिभाषित गर्ने भन्नेमा कार्यदलमा सहमति भएको छ ।

(क्रमशः पृष्ठ २ मा)

### पीडकमैत्री टीआरसी !



द्वन्द्वविद् डा. प्रणय राणाले टुङ्गोन्मुख टीआरसी विधेयक पीडकमैत्री रहेको दाबी गरेका छन् । उनका अनुसार विधेयक पीडितमैत्री हुनुपर्छ । तर, पीडकमैत्री विधेयकलाई कार्यदल तहबाट अघि बढाइएको भन्दै उनी असन्तुष्ट छन् । विधेयक पारित भए द्वन्द्वकालीन घटनामा संलग्नहरूले उन्मुक्ति पाउने र पीडितहरू झन् पीडित हुने बताए ।

'ऐन संशोधन विधेयकले गम्भीर मानव अधिकार उल्लङ्घनलाई भत्काएर उल्लङ्घन र गम्भीर उल्लङ्घन बनायो । हाँसो लाग्ने के छ भने हत्या, यौनजन्य हिंसा, शारीरिक तथा मानिसक यातना, अपहरण तथा शरीर बन्धक बनाउने, गैरकानुनी थुनामा राख्ने, कुटपिट, अङ्गभङ्ग, अपाङ्गता बनाउने र सम्पति लुटपाटलाई उल्लङ्घनमा राखियो', उनले भने, 'जबकि अन्तर्राष्ट्रिय मानव अधिकार वा मानवीय कानुनविपरीत गरिएका जुनसुकै अमानवीय कार्य गम्भीर उल्लङ्घन हो ।' विधेयक पारित भएको अवस्थामा पीडितहरू सडकमा आउने पनि बताए ।

**सन्दर्भः वैदेशिक रोजगार**

## इजरायलमा नेपाली श्रमिक पठाउने निर्णय फिर्ता गर्न माग

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगारीको लागि आकर्षक गन्तव्य मानिएको इजरायलमा नेपाली श्रमिक पठाउने निर्णय फिर्ता गर्न संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसीसी)ले माग गरेको छ । युद्धग्रस्त मुलुकहरूमा नेपाली श्रमिक पठाउने सरकारको निर्णयप्रति आपत्ति जनाउँदै जेटियुसीसीले इजरायलको दिर्घकालिन स्याहार केन्द्रमा सहायक कामदार (केयर गिभर)मा नेपाली नागरिक पठाउने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको निर्णय तत्काल फिर्ता गर्न माग गरेको हो ।

जेटियुसीसीले केही दिन अघि एक विज्ञप्ति जारी गर्दै वैदेशिक रोजगारका विभिन्न चक्रमा पछिल्ला समय समस्याहरू बढ्दै गैरहेको भन्दै वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकहरूले अन्तर्राष्ट्रिय श्रम मापदण्ड अनुसारको सेवा, शर्त सुविधा अन्तर्गत नियुक्तिपत्र, तलब, ज्याला, सामाजिक सुरक्षा प्राप्त गर्न नसकेको उल्लेख गरेको छ । यसको कार्यान्वयनका लागि विदेशस्थित नेपाली कूटनीतिक नियोग, सम्वन्धित सरोकारवाला मन्त्रालय तथा बिभागले जिम्मेवारी लिनुपर्ने बताइएको छ ।

पछिल्लो अवस्थामा हालसालै, नेपाली श्रमिकहरूलाई बैदेशिक रोजगारीमा पठाउने बहानामा युद्धग्रस्त मुलुक इजरायललगायतका देशमा श्रम मन्त्रालयले नेपाली श्रमिक पठाउने सहमति गरेको बिषयमा आफ्नो गम्भिर ध्यानाकर्षण भएको जेटियुसीसीले जनाएको छ । भर्खरैमात्र श्रममन्त्री शरतसिंह भण्डारी र नेपालस्थित इजरायली राजदूत हनन गोडर गोल्डबर्गरबीच भएको भेटवार्तामा केयर गिभरमा लैजाने नेपाली श्रमिकहरूको संख्या बढाउन भएको सहमति फिर्ता हुनुपर्ने जेटियुसीसीका अध्यक्ष योगेन्द्रकुमार कुँवरले बताए । उनका अनुसार रोजगारीको नाममा जानी जानी युद्धग्रस्त मुलुकमा श्रम स्वीकृति गर्दै, श्रमिकहरूलाई पठाउनु मानवतामाथिको घोर अन्याय हो ।

इजरायल-प्यालेस्टाईन युद्धमा बन्धक बनाइएका निर्दोष नेपाली नागरिक विपिन जोशीको अवस्था लामो समयसम्म पत्ता लगाउन नसक्नु, रसिया-युक्रेन युद्धमा कैयौं नेपालीको ज्यान जानु, रसियाबाट फर्कन चाहने नेपालीलाई स्वदेश ल्याउन नसकिरहेको परिवेशमा, नेपाली श्रमिकहरूलाई युद्धग्रस्त मूलूकमा पठाउने निर्णय तत्काल फिर्ता गर्न अध्यक्ष कुँवरले सरकारसँग आग्रह गरे ।

उनले वैदेशिक रोजगारीमा गएका श्रमिकहरूको अवस्था र न्युनतम श्रम मापदण्ड अनुसार सुविधा दिलाउन, श्रमिकको जीवनलाई सुरक्षित बनाउन सामाजिक सुरक्षाको दायरामा समावेश गराउन जेटियुसीसीले निरन्तर पैरवी तथा वकालत गर्दै आईरहेको बताए । अध्यक्ष कुँवरले देशमा रोजगारीको अवस्था भयावह रहेको भएपनि युद्ध नभएका देशमा श्रम सम्झौता गरेर श्रमिक पठाउन कुनै रोकतोक नभएको बताए ।

## साउदीमा थप ९९ जना नेपाली श्रमिकलाई 'एक्जिट भिसा'

**काठमाडौं, (प्रस)–** वैदेशिक रोजगारीका क्रममा साउदी अरेबिया पुगेर विभिन्न समस्या परेर अफठ्यारो परिस्थितिको सामना गरिरहेका ९९ जना नेपाली श्रमिकले 'एक्जिट (बहिर्गमन) भिसा' पाएका छन् । साउदीस्थित नेपाली राजदूतावासको समन्वयमा त्यहाँको अध्यागमन कार्यालयले हुरुब (कम्पनी छोडेर भागेका) लागेका र इकामा (बस्ने अनुमति) सकिएका वा नपाएका उनीहरूलाई एक्जिट भिसा दिएको हो ।

एक्जिट भिसा प्राप्त गरेका नेपालीहरूलाई यथाशीघ्र साउदी छोड्न जानकारी दिँदै समयमै भिसाको म्याद हेर्न पनि दूतावासले आग्रह गरेको छ । एक्जिट भिसा प्रोसेसिङ निःशुल्क हुने र यसबापत कुनै पनि निकायमा कुनै शुल्क बुझाउनु नपर्ने दूतावासले जनाएको छ । तर, एक्जिट भिसा आइसकेपछि नेपाल फर्किने हवाई टिकट व्यक्ति स्वयंले व्यवस्था गर्नुपर्ने दूतावासले जारी गरेको सूचनामा उल्लेख गरिएको छ ।

दूतावासले इकामाको म्याद सकिएको तीन महिनाभन्दा बढी भइसकेका वा साउदी आएको तीन महिनाभन्दा बढी समयसम्म पनि इकामा प्राप्त नगरेका वा हुरूब लागेका व्यक्तिको मात्र एक्जिट भिसा प्रोसेसिङ गरिदिने प्रस्ट पारेको छ । त्यसैगरी, कुनै केस वा जरिवाना छ भने त्यसको छिनोफानो नभएसम्म एक्जिट भिसा नलाग्ने र भिसा दिने सम्पूर्ण अधिकार साउदीको अध्यागमन कार्यालयसँग मात्रै हुने पनि दूतावासले उल्लेख गरेको छ ।

एक्जिट भिसामा भएको राहदानी/ट्राभल डकुमेन्ट नम्बर र आफूसँग भएको राहदानी/ट्राभल डकुमेन्ट नम्बर एउटै भए नभएको यकीन गरेर मात्र हवाई टिकट खरिद गर्न पनि दूतावासले आग्रह गरेको छ । अप्ठेरोमा परेका नेपालीहरूले आवश्यक जानकारी र सहजीकरणका लागि रियादस्थित दूतावासको कार्यालय र जेद्धास्थित नेपाली महावाणिज्यदूतावासमा बिदाको दिनबाहेक कार्यालय समयभित्र सम्पर्क राख्न सकिने जनाइएको छ ।




# विपद् र महामारी व्यवस्थापन गर्न कामपाको २४ घण्टे सेवा




**काठमाडौं (प्रस)**– विपद्जन्य जोखिम र विभिन्न रोगको महामारी बढेपछि काठमाडौं महानगरपालिकाले २४ घण्टे हटलाइन सेवा सञ्चालनमा ल्याएको छ । महानगरले विपद्जन्य जोखिम र डेंगु, हैजालगायतका महामारी व्यवस्थापनका लागि उक्त सेवा सञ्चालनमा ल्याएको हो ।

पछिल्लो समय भारी वर्षासँगै काठमाडौंका विभिन्न क्षेत्र डुबानमा परेका छन् । विशेषगरी नदी किनारका बस्तीहरू डुबानमा पर्दा महानगरवासीले सास्ती बेहोर्नुपरेको अवस्था छ । यस्तै, लामखुट्टेको टोकाइबाट सर्ने डेंगु र दुषित पानीका कारण फैलने हैजाका संक्रमित महानगरभित्रै देखिने क्रम बढेपछि महानगरले अग्रसरता लिएको हो ।

महानगरको विपद् व्यवस्थापन विभाग, स्वास्थ्य विभाग र महानगर प्रहरी बलबाट यो सेवा प्रदान हुने महानगरले जनाएको छ । 'नियमित बर्षाबाट सिर्जना हुने डुबान, बाढी तथा पानीजन्य समस्या व्यवस्थापन तथा समाधानका लागि विपद् व्यवस्थापन विभाग र महानगर प्रहरी बलले काम गर्ने छन् । स्वास्थ्य विभागबाट डेंगु, हैजासहितका महामारीका रूपमा फैलिने रोगको उपचारका लागि परामर्श, सेवा सिफारिस र उपचार समन्वय प्रदान हुने छ,' महानगरले भनेको छ, 'यसका लागि पहिलो सम्पर्क स्थापित गर्न हटलाइन टेलिफोन २४ घण्टा खुला गरिएको छ ।'

महानगरका अनुसार यसअघि कार्यालय समयमा मात्र हटलाइन खुला हुने गरेको थियो । नियमित पानी परिरहेकोले महानगर प्रहरी बलले पानीजन्य विपत्ति डुबान, बाढी तथा पहिरो रोकथाम तथा व्यवस्थापन, चर्किएको सडक तथा पुलमा जोखिम संकेत राख्ने, सवारी तथा मानवीय आवागमन नियन्त्रण गर्ने, पानी कटाएर बचाउनुपर्ने ठाउँमा प्लास्टिकले छोपेर व्यवस्थापन गर्ने काम गरिरहेको पनि महानगरले जनाएको छ । 'यस्ता समस्या परे ९८५१३५६५०९ मा फोन गर्दा सिधै महानगर प्रहरी बलसँग सम्पर्क हुने छ,' महानगरको भनाइ छ । बर्खामा फैलिने डेंगु र हैजा पनि पानीजन्य समस्या नै हुन् । पिउने पानीमा दिसाजन्य फोहोर मिसिए हैजाको जोखिम हुन्छ । खाल्डाखुल्डीमा पानी जमेर तीन दिनभन्दा धेरै रहेमा डेंगु फैलाउने लामखुट्टेको जनसंख्या बढ्छ ।

'एकै पटक उच्च ज्वरो आउने, टाउको दुख्ने, जोर्नी दुख्ने, थकित महसुस हुनेजस्ता शारीरिक समस्या देखिए डेंगु हुन सक्छ । तारन्तार पातलो दिसा भइरहेमा हैजा हुन सक्छ । यी दुवै समस्याको प्राथमिक उपचार र स्वास्थ्य सेवाबाट प्रदान गरिने उपचारका विषयमा हटलाइनबाट परामर्श दिइने छ । यसका लागि हटलाइन निःशुल्क नम्बरहरू ११८० र १६६००१०५५११ मा फोन गर्न सकिने छ,' महानगरले जारी गरेको सूचनामा उल्लेख छ, 'साँझ ६ बजेपछाडि ११८० मा डायल गरेर ९ थिच्नुपर्छ । यो फोन स्वास्थ्यकर्मीले उठाउनुहुने छ ।'

# दलितसम्बन्धी संवैधानिक अधिकार कार्यान्वयनमा जोड

**काठमाडौं (प्रस)**– राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहालले संविधानमा व्यवस्था गरिएका दलितसम्बन्धी अधिकारलाई संस्थागत गर्दै थप अधिकारका लागि एकीकृतरूपमा संघर्ष गर्नुपर्ने बताएका छन् ।

राष्ट्रिय सभाअन्तर्गतको सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको बैठकमा राष्ट्रिय सभाबाट पारित दलित अधिकारसम्बन्धी संकल्प प्रस्ताव सम्बन्धमा आयोजित छलफलमा बिहीबार अध्यक्ष दाहालले संविधानको धारा २४ र ४० मा उल्लेख भएका दलितसम्बन्धी अधिकारलाई कार्यान्वयन गर्नुपर्नेमा जोड दिए ।

संविधानको धारा ४०, छुवाछूत तथा भेद्भावविरुद्धको हकको (१) मा 'कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, ससुदाय, पेसा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेद्भाव गरिने छैन' भनिएको छ ।

राष्ट्रिय सभा सदस्य भुवन सुनारले संविधानको प्रस्तावनामै समानुपातिक समावेशिता व्यवस्था गरिएको सन्दर्भमा राज्यका हरेक संरचनामा दलित समुदायको समान सहभागिता सुनिश्चित गर्न माग गरे । संविधानमा मन्त्रिपरिषद्मा समावेशी सिद्धान्तबमोजिम मन्त्री रहने उल्लेख रहेको र धारा ४२ (१) मा सामाजिक रूपले पछाडि परेकालाई समावेशी सिद्धान्तका आधारमा राज्यक निकायमा सहभागिताको हक हुने व्यवस्था रहे पनि प्रभावकारी कार्यान्वयन हुन नसकेको राष्ट्रिय सभा सदस्य सुनारको भनाइ छ । अर्का राष्ट्रिय सभा सदस्य तुलप्रसाद विश्वकर्माले दलित समुदायले भोग्दै आएको जातीय भेद्भाव तथा छुवाछूत अन्त्यका लागि भएका ऐन/कानुनको प्रभावकारी कार्यान्वयनमा जोड दिए ।

## पृष्ठ १ बाट क्रमशः

### १८ वर्षपछि...

'मनसायपूर्वक अथवा स्वेच्छाचारी ढङ्गले गरिएको हत्या भनेर त्यसलाई हामीले परिभाषित गर्ने सहमति गरेका छौं', लेखकले बताए । उनका अनुसार यो परिभाषाले द्वन्द्वकालमा नियतपूर्वक गरिएका हत्यालाई पनि सम्बोधन गर्छ । सहमति भएको दोस्रो बुँदा क्षमादानको मुद्दासँग सम्बन्धित छ । प्रस्तावित संशोधनले पीडितको सहमतिबिना पनि मेलमिलाप गर्न सक्ने बाटो कायमै राखेको भन्दै त्यसको सर्वत्र आलोचना हुँदै आएको थियो ।

बिहीवार भएको सहमतिले मिलापत्र गर्न पीडितको सहमति अनिवार्य हुने कुरा सुनिश्चित गरेको छ । लेखकले भने, 'यदि पीडितको सहमति भएन भने मानवअधिकारको गम्भीर उल्लङ्घनमा त मुद्दा चल्ने नै भयो, सरकारवादी फौजदारी मुद्दा भयो भने मुद्दा चल्न सक्ने र दुनियाँवादी फौजदारी मुद्दा भएको अवस्थामा पीडितलाई त्यसको अधिकार दिने भन्ने कुरा भएको छ ।'

एमाले प्रमुख सचेतक महेश बर्तौलाले पीडितले क्षमादान नदिएको खण्डमा थप कानुनी उपचार खोज्ने बाटो पनि पछिल्लो कार्यदलको निर्णयले सुनिश्चित गरेको बताए । 'संङ्क्रमणकालीन न्यायको सिद्धान्तबमोजिम सशस्त्र द्वन्द्वका घटनामा कम नै सजाय हुन्छ । यो स्थापित मान्यता हो । हामीले अभियोजन प्रक्रिया अघि बढाउँदै गर्दा प्रचलित कानुनमा व्यवस्था भएको २५ प्रतिशत सजाय मागदाबी लिएर जाने भन्ने किटान गरेका छौं', उनले भने, 'अब यदि २० वर्ष जेल सजाय हुने अपराध गरेको छ भने पाँच वर्ष सजायको मागदाबी लिएर जानैपर्ने हुन्छ ।'

तत्कालीन माओवादी विद्रोहीले बालसैनिकका रूपमा राखेका व्यक्तिहरूसमेत संयुक्त राष्ट्रसङ्घद्वारा प्रमाणित हुन नसकेका लडाकुलाई परिपूरणको व्यवस्था गर्ने सहमति कार्यदल स्तरमा भएको छ । झन्डै ४,००० जनाभन्दा बढी सङ्ख्या रहेका त्यस्ता बहिर्गमित पूर्वलडाकुमध्ये दुई हजार ९०० जनाभन्दा बढी तात्कालिक अवस्थामा बालसैनिक रहेका राष्ट्रसङ्घको अभिलेखले देखाउँछ ।

राज्यबाट त्यसबेला कुनै पनि राहत रकमबिना नै उनीहरूलाई शिविरबाट निकालिएको थियो । अघिल्लोपटक केपी शर्मा ओली प्रधानमन्त्री रहँदा उनले त्यसरी बहिर्गमित कतिपय पूर्वलडाकुलाई 'लोकतान्त्रिक योद्धा'का रूपमा तिनका माग सम्बोधन गर्ने प्रयास गरेका थिए । उक्त कार्यदलले द्वन्द्वका क्रममा ज्यान गुमाएका सुरक्षाकर्मीका परिवारलाई पनि राहत प्रदान गर्ने समझदारी गरेको छ ।

### ग्लोबलम्याटिक्स् रिनुएबेल इनर्जी प्रा.लि. कम्पनीमा एन.एण्ड.एन.एस कन्स्ट्रक्सन प्रा.लि. गाभ्ने सम्बन्धि

लिखितम ललितपुर जिल्ला उप म.न.पा. (१ ललितपुर,वागमती मा रजिस्टर कार्यालय रहेको **ग्लोबलम्याटिक्स् रिनुएबेल इनर्जी प्रा.लि.** (प्रा.लि.नं.४९५०७) र **एन.एण्ड.एन.एस कन्स्ट्रक्सन प्रा.लि.** (प्रा.लि.नं.३१४४३७) कम्पनीको मिति २०८०।११।१० गते बसेको संयुक्त बैठकको निर्णय अनुसार **ग्लोबलम्याटिक्स् रिनुएबेल इनर्जी प्रा.लि.मा एन.एण्ड.एन.एस कन्स्ट्रक्सन प्रा.लि.**लाई गाभ्ने निर्णय बमोजिम गाभिने कम्पनीको सम्पूर्ण सम्पत्ति र दायित्व हालको कम्पनी वा **ग्लोबलम्याटिक्स् रिनुएबेल इनर्जी प्रा.लि.**ले सकार्ने व्याहोर्ने गरी **एन.एण्ड.एन.एस कन्स्ट्रक्सन प्रा.लि.**(प्रा.लि.नं.३१४४३७) लाई **ग्लोबलम्याटिक्स् रिनुएबेल इनर्जी प्रा.लि.** (प्रा.लि.न.४९५०७)मा गाभ्ने श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१।०१।२४ को निर्णयअनुसार स्वीकृत भएको हुदाँ सर्वसाधारणको जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ ।

### एसेन्ट बचत तथा ऋण सहकारी संस्था लि.
बालुवाटार-४, किर्तनचोक, काठमाण्डौ

**चौधौं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**सचना प्रकाशित मितिः २०८१।०४।१८**

श्री सम्पूर्ण शेयर सदस्य महानुभावज्यूहरु,

यस संस्थाको संचालक समितिको मिति २०८१/४/०६ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार निम्न मिति, स्थान र समयमा हुने यस संस्थाको चौधौं वार्षिक साधारण सभामा निम्न विषय माथी छलफल तथा पारित समेत गर्न सम्पूर्ण शेयर सदस्यज्यूहरुको अनिवार्य उपस्थितिको लागि अनुरोध गर्दछौं ।

**छलफलका मुख्य प्रस्तावहरु :-**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यू ले आ.व. २०८०।०८१ को वार्षिक प्रतिवेदन पेश गर्ने र सो प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. संचालक समितिको तर्फबाट कोषाध्यक्षज्यूले आ.व. ०८०।०८१ को आर्थिक विवरण प्रतिवेदन पेश गर्ने र सो प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
३.. लेखा समितिका संयोजकबाट आ.व. ०८०।०८१को प्रतिवेदन पेश गर्ने ।
४. आ.व. ०८१।०८२ को लक्ष्य तथा अनुमानित वार्षिक बजेट पारित गर्ने ।
५. आर्थिक वर्ष ०८०।०८१ को लेखापरीक्षकको प्रतिवेदनउपर छलफल गरी पारित गर्ने ।
६. चालु आर्थिक वर्ष २०८१।०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र नीजको पारिश्रमिक तोक्ने ।
७. आर्थिक वर्ष ०८०।०८१ संचालक समितिको निर्णयले भए गरेका सम्पूर्ण कार्यहरुको अनुमोदन गर्ने ।
८. निर्णय पुस्तिकामा हस्ताक्षर गर्न संचालक समितिवाट र शेयर सदस्यहरु मध्येबाट ८ जना प्रतिनिधि नियुक्ति गर्ने ।
९. संचालक समिति तथा लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्ने ।
१०.संस्था एकीकरण सम्वन्धमा ।
११.विनियम संसोधन सम्वन्धमा ।
१२.विविध ।

**सभाहुने मिति, स्थान र समय**
मिति : २०८१ भाद्र ०७ (तदनुसार २३, अगस्ट २०२४), शुक्रवार
स्थान : संस्थाको कार्यालय, किर्तनचोक, बालुवाटार-४, काठमाडौं ।
समय : दिनको ११:०० बजे ।

**सचिव**
संचालक समितिको आज्ञाले

**नोटः सभामा आउँदा अनिवार्य रुपमा शेयर सदस्यता प्रमाणपत्र वा सदस्यता परिचयपत्र साथमा लिई आउनु पर्नेछ ।**


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : VEGA SOLUTIONS
पूर्व स्वीकृति मिति २०८१/04/१७ LT. No. 308307 चलानी नं. ६०२२२९८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Blacksmith Worker | 2 | 0 | 1200 | ४३,९५० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Electrical Helpers | 2 | 0 | 1200 | ४३,९५० | | | | | | | |
| 3 | General Cleaning Worker | 2 | 0 | 1000 | ३६,६२५ | | | | | | | |
| 4 | Labourers | 2 | 0 | 1000 | ३६,६२५ | | | | | | | |
| 5 | Painter | 2 | 0 | 1200 | ४३,९५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन २५ गते (9th Aug 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८
VARSHA MANPOWER PVT. LTD.
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनीः GREEN HERBAL MASSAGE CENTER
पूर्व स्वीकृति मिति २०८१/04/१७ LT. No. 308332 चलानी नं. ६०२२२९९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Health Club Attendant | 4 | 0 | 1500 | ५३,४९५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Helper (Kitchen Cleaners) | 1 | 0 | 1000 | ३५,५३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन २५ गते (9th Aug 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०८८/०७३/०७४
Al Noor Overseas Pvt. Ltd
Samakhushi-26, Kathmandu, Nepal Phone : +977-4983094, 4960824
E-Mail : operation.alnoor@gmail.com, mktmp.alnooroverseas@gmail.com, Website : www.alnooroverseas.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAIF FOOD CO.WLL
पुर्व स्वीकृति मिति २०८१/04/१७ LT. No. :305821 चलानी नं. ६०२२२९९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Tools Cleaner (Indoor) | 75 | 75 | 85 | ३७,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यतव्स्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

कम्पनी : NAIF FOOD CO.WLL
पुर्व स्वीकृति मिति २०७९/०९/२६ पुन विज्ञापन स्वीकृति मिति २०८१/04/१७ LT. No. :279218 चलानी नं. ६०१९४७९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANERS (INDOOR) | 11 | 3 | 85 | ३७,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन २५ गते (9th Aug 2024) मा हुनेछ ।


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३०५/०७४/०७५
All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**शुक्रबार, १८ साउन, २०८१**

**मेष** मिहिनेतले उपलब्धि हासिल हुने ।
**वृष** विछोडिएका आफन्तहरूसँग रमाइलो भेटघाट ।
**मिथुन** काममा प्रतिस्पर्धा बढ्न सक्छ ।
**कर्कट** आत्माविश्वासको कमीले काममा पछि परिने ।
**सिंह** हडबड गर्नाले काममा बाधा पुग्ने ।
**कन्या** स्वास्थ्यमा ध्यान पुऱ्याउनु पर्नेछ ।
**तुला** टाढाको यात्राको सम्भावना हुनेछ ।
**वृश्चिक** मिहिनेत गरे केही न केही उपलब्धि हुनेछ ।
**धनु** अप्ठ्यारा परिस्थितलाई सहज बनाउन सहिनेछ ।
**मकर** व्यस्तताले शरीर कमजोरीको अनुभूति हुने ।
**कुम्भ** धार्मिक मनोवृद्धि, सेवामुलक काम गरिनेछ ।
**मीन** सेवामुलक कामबाट धनलाभ प्राप्त हुने ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१८ साउन, २०८१ (०२ अगष्ट, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.६७ | १३४.२७ |
| युरो | १ को | १४४.७५ | १४५.४० |
| पाउन्ड स्टिर्लङ | १ को | १७१.६५ | १७२.४२ |
| स्विस फ्रैन्क | १ को | १५१.०७ | १५१.७५ |
| अस्ट्रेलियन डलर | १ को | ८७.५३ | ८७.९२ |
| क्यानाडियन डलर | १ को | ९६.५७ | ९७.०० |
| सिँगापुर डलर | १ को | ९९.४६ | ९९.९१ |
| जापानी येन | १० को | ८.६९ | ८.७३ |
| चिनियाँ युआन | १ को | १८.४२ | १८.५० |
| साउदी अरब रियाल | १ को | ३५.६३ | ३५.७९ |
| कतारी रियाल | १ को | ३६.६६ | ३६.८२ |
| थाई भाट | १ को | ३.७२ | ३.७३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.३९ | ३६.५६ |
| मलेसियन रिङेट | १ को | २८.८१ | २८.९४ |
| दक्षिण कोरियन वन | १०० को | ९.६६ | ९.७१ |
| स्विडिस क्रोनर | १ को | १२.३६ | १२.४२ |
| डेनिस क्रोनर | १ को | १९.४० | १९.४९ |
| हङकङ डलर | १ को | १७.११ | १७.१९ |
| कुवेती दिनार | १ को | ४३७.१६ | ४३९.१२ |
| बहराइन दिनार | १ को | ३५४.६० | ३५६.२० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# सेनाको कमाण्ड सम्हाल्दै बलाधिकृत रथी सिग्देल



**काठमाडौं-** मुलुकको प्रमुख सुरक्षा संगठन नेपाली सेनाको ४५औं प्रधानसेनापतिका रूपमा बलाधिकृत रथी अशोकराज सिग्देलले करिब एक महिनापछि जिम्मेवारी सम्हाल्दै छन् । मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले यही साउन २५ गतेदेखि लागू हुनेगरी रथी सिग्देललाई कायममुकायम प्रधानसेनापतिको जिम्मेवारी तोकेसँगै संगठनको नेतृत्व गर्ने बाटो खुलेको हो ।

यही साउन १० गतेको मन्त्रिपरिषद् बैठकले ज्येष्ठताका आधारमा रथी सिग्देललाई कामु भई प्रधानसेनापतिको जिम्मेवारी सम्हाल्नेगरी तोक्न राष्ट्रपतिसमक्ष सिफारिस गरेको थियो । प्रधानसेनापति प्रभुराम शर्मा तीन वर्षे पदावधि आगामी भदौ २४ गते समाप्त भई अनिवार्य अवकाशमा जाँदै छन् । प्रधानसेनापति अवकाश हुनु एक महिनाअघि घर बिदामा बस्ने प्रावधान रहेअनुसार रथी सिग्देलले कामु प्रधानसेनापतिको जिम्मेवारी पाएका हुन् ।

बलाधिकृत रथी सिग्देलले स्वदेश तथा विदेशबाट व्यावसायिक सैन्य शिक्षा हासिल गरेका छन् । आर्मी कमान्ड एन्ड स्टाफ कलेज शिवपुरी र चीनको नेसनल डिफेन्स युनिभर्सिटीबाट स्नातक उनले आर्मी वार कलेजमा हायर कमान्ड एन्ड म्यानेजमेन्ट कोर्स र भारतबाट डिफेन्स म्यानेजमेन्ट कोर्स पूरा गरेका छन् ।

राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका विभिन्न कार्यशाला र व्यावसायिक सेमिनारमा पनि भाग लिएका बलाधिकृत रथी सिग्देलले त्रिभुवन विश्वविद्यालय र चीनको राष्ट्रिय रक्षा विश्वविद्यालयबाट रणनीतिक अध्ययनमा स्नातकोत्तर उपाधि हासिल गरेका छन् । ३८ वर्षको सैन्य जीवनमा उनीसँग काउन्टर इन्सर्जेन्सी र जंगल वारफेयर स्कुलको कमान्डेन्ट, इन्फन्ट्री ब्रिगेड र डिभिजनको कमान्ड गरेको अनुभव छ । बलाधिकृत रथी सिग्देलले सन् २०२२ मा अमेरिका-नेपाल तेस्रो ल्यान्ड फोर्स वार्ताका लागि नेपाली सेनाको प्रतिनिधिमण्डलको पनि नेतृत्व गरेका थिए ।

कोरोना महामारीका समयमा कोभिड क्राइसिस म्यानेजमेन्ट सेन्टर (सिसिएमसी) को सचिवका रूपमा पनि उनले काम गरे । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रणनीतिक महत्त्वका घटनालाई नजिकबाट चासो साथ हेर्ने रथी सिग्देलले संगठनभित्र अध्ययनशील र सकल दर्जाका कुरा सुन्ने व्यक्तित्वका रूपमा परिचय बनाएका छन् । उनले सैनिक संगठनभित्र युद्धकार्य, सम्भार विभाग, नीति महानिर्देशक र उपत्यका पृतनाजस्ता महत्त्वपूर्ण जिम्मेवारी सफलतापूर्वक सम्हालिसकेका छन् ।

त्यस्तै, अन्तर्राष्ट्रिय क्षेत्रमा संयुक्त राष्ट्र शान्ति सेनाअन्तर्गत पूर्व युगोस्लाभिया, ताजिकिस्तान र लाइबेरियाजस्ता चुनौतीपूर्ण स्थानमा सेवा गरिसकेका छन् । सैनिक जीवनको उत्कृष्ट सेवाको कदरस्वरूप उनी सुप्रबल जनसेवाश्री तेस्रोसहित विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पदकबाट विभूषित छन् । संगठनको उन्नयनमा उत्कृष्ट योगदान पुऱ्याएबापत उनले दुईपटक 'प्रधानसेनापति प्रशंसा पदक'समेत पाएका छन् ।

नेपालको संविधानले सेनालाई नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षा गर्ने महत्त्वपूर्ण जिम्मेवारी तोकेको छ । यसका अलवा विपद् व्यवस्थापन, राष्ट्र विकास, शान्ति स्थापना, आन्तरिक सुरक्षा, वन तथा पर्यावरण सुरक्षा, ऐतिहासिक धरोहरको संरक्षण, राष्ट्रिय एकताको प्रवर्द्धन र आपत्कालीन खोज तथा उद्धारका कार्य पनि सेनाको जिम्मेवारी क्षेत्रमा रहेको छ । *रासस*

# कांग्रेस बैतडी-काठमाडौं सम्पर्क समितिमा बोहरा



**काठमाडौं (प्रस)-** नेपाली कांग्रेस बैतडी-काठमाडौं सम्पर्क समितिको अध्यक्षमा दिवाकर बोहरा चयन भएका छन् । समितिको यही साउन १२ गते भएको भेलालले बोहराको अध्यक्षतामा कार्यसमिति चयन गरेको हो ।

समितिको उपाध्यक्षद्वयमा नागेन्द्र भट्ट र ई. महादेव साउद, सचिवमा महेशबहादुर बोहरा र दिनेशप्रसाद भट्ट, सहसचिवमा हेमन्त नेगी र हरिकृष्ण जोशी तथा कोषाध्यक्षमा धनबहादुर राना चयन भएका छन् ।

यसैगरी सदस्यहरूमा अमृत केसी, हेमराज जोशी, सरस्वती कार्की, मनोज चन्द, मोहनसिंह धामी, यज्ञराज अवस्थी, यज्ञराज पाण्डे र सरस्वतीकुमार धामी चयन भएको जानकारी दिइएको छ ।

# पर्वतका अस्पतालमा डेंगुका बिरामीको चाप बढ्यो

**पर्वत-** पछिल्लो एक सातायता पर्वत अस्पतालमा डेंगुका बिरामीको चाप बढेको छ । अस्पतालमा डेंगु र भाइरल ज्वरोका सरदर ३०० भन्दा बढी बिरामी आउने गरेका छन् । अधिकांश बिरामीमा ज्वरो, रुघाखोकी, टाउको दुख्ने, बान्ता हुने लक्षण देखिएको छ भने सोही मात्रामा डेंगुका लक्षण देखिएका बिरामीको संख्यासमेत अत्यधिक रहेको छ ।

पर्वत अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. हेमन्त बाँस्तोलाका कारण पछिल्लो समय जटिल खालका डेंगुका बिरामी भेटिएका छन् । यस वर्ष पर्वत अस्पतालमा डेंगु पत्ता लागेका १० बिरामीमध्ये दुईजना गम्भीर छन् । डा. बाँस्तोलाले भने, 'उनीहरूलाई भर्ना गरेरै उपचार गरिरहेका छौं ।'

वर्षासँगै बढेको अत्यधिक गर्मीका कारण पनि डेंगुका बिरामीको संख्या दिन प्रतिदिन बढ्दै गएको छ । त्यस्तै प्रतिकूल मौसमका कारण भाइरल ज्वरोका बिरामीको संख्या पनि बढ्दै गएको छ । जटिल खालका बिरामीलाई विशेष परीक्षण गर्ने गरिएको डा. बाँस्तोलाले बताए ।

'सामान्य अवस्थाको तुलनामा करिब दोब्बरले बिरामीको संख्या बढिरहेको छ । हामीले एकै दिनमा ३०० भन्दा बढीको स्वास्थ्य परीक्षण गरेका छौं,' डा. बाँस्तोलाले भने । गर्मीयाम, दूषित पानीको प्रयोग, लामखुट्टेबाट नजोगिँदा बिरामीको संख्या बढी मात्रामा देखिएको हो । उनले डेंगुबाट बच्नका लागि लामखुट्टेको टोकाइबाट जोगिनु नै सर्वोत्तम उपाय हुने बताए । यसका लागि नियमित झुलको प्रयोग गर्ने, घरवरपर सफा पानी जम्मा हुने ठाउँ सफा गर्नुपर्ने, झोलिलो र पोषिलोयुक्त खानपान गर्नाले दुवै रोगबाट बच्न सकिने डा. बाँस्तोलाको सुझाव रहेको छ ।

अस्पतालमा रहेका ५६ शयचामा भाइरलका बिरामी भरिभराउ छन् । अधिकांश उपचार गरेर फर्किने गरेका छन् । यस्तै स्वास्थ्य बिमा गरेपछि पनि स्वास्थ्य परीक्षण गराउनेको संख्या बढ्दै गएको छ । जिल्लामा स्वास्थ्य बिमा गराउनेको संख्या बढ्दै गएको र उनीहरूले स्वास्थ्यमा सामान्य समस्या आउँदा साथ नै स्वास्थ्य परीक्षणका लागि अस्पतालमा पुग्ने गरेका छन् । १५ शयचाको अस्पताललाई स्तरवृद्धि गरी ५० शयचाको क्षमतामा सञ्चालन गरिएको भए पनि जनशक्ति अभावमा भने समस्या रहेको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष शंकर गिरीको गुनासो छ । उनका अनुसार १५ शयचाको अस्पताल भए पनि ४१ शयचा अस्पताल व्यवस्थापन समितिले व्यवस्थापन गरेर अहिले ५६ शयचामा बिरामी भर्ना गरिएको छ । पर्वत अस्पतालसँगै पर्वतका निजी अस्पताल, मेडिकल र ग्रामीण क्षेत्रमा रहेको स्वास्थ्यचौकीमा पनि डेंगुका बिरामी बढेको स्वास्थ्यकर्मीले बताएका छन् । *रासस*

# 'इ-गभर्नेन्स' कार्यान्वयन गर्दै मधेस सरकार

**जनकपुर (प्रस)-** मधेस प्रदेशका सार्वजनिक निकायबाट प्रवाह हुने सेवा प्रभावकारी बनाउन सूचना प्रविधिको अधिकतम प्रयोग गरिने भएको छ । 'इ-गभर्नेन्स' कार्यान्वयन गर्ने सम्बन्धमा सम्बन्धित निकाय एवं विज्ञसँग छलफल भएको छ ।

देशभरि इ-गभर्नेन्ससँग सम्बन्धित असल अभ्यास मधेस प्रदेशमा लागू गर्ने विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा छलफल भएको हो । प्रदेशका सार्वजनिक निकायबाट प्रदान गरिने सेवालाई थप प्रभावकारी, सहज र तीव्र बनाउन इ-गभर्नेन्स लागू गरिने मधेस प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. सोहन साहले बताए । उनले भने, 'पहिले सरकारको तहमा 'डिजिटलाइजेसन' अभ्यास सुरु गरिने छ अनि क्रमिकरूपमा सेवाग्राहीसँगै सरोकारवाला सबैलाई डिजिटलाइजेसनमा समेटिने छ ।'

आयोगका उपाध्यक्ष साहले प्रदेश इ-गभर्नेन्स लागू गर्दा आफैं स्वामित्व लिनेगरी र आफ्नै स्रोतले गर्ने जानकारी दिए । उनले इ-गभर्नेन्स मुख्यमन्त्री तथा मन्त्रिपरिषद्का कार्यक्रमबाटै सुरु हुने बताए । उनका अनुसार आरम्भमा मधेस प्रदेशका चारवटा स्थानीय सरकारका साथै सेवाग्राहीको अत्यधिक चाप हुने कार्यालयमा इ-गभर्नेन्स सुरु गरिने छ । सरकारी कार्यालयसँगै विकास साझेदारका कार्यक्रमलाई पनि इ-गभर्नेन्सभित्र समेट्न सकिए तथ्यांकमा आधारित परिणाम प्रतिविम्ब र सुशासन सुनिश्चित हुने डा. साहले बताए ।

सूचना प्रविधिको माध्यमबाट मधेस प्रदेशका सार्वजनिक कार्यालयले प्रभावकारी ढंगले पारदर्शिता कायम गर्दै सेवा प्रवाह गर्ने विश्वास उपाध्यक्ष साहले व्यक्त गरे ।

## कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८१/०४/१८ गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।
यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैतीस**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ ।**

तपसिल

### ट्राफिक चोक शाखा

| १. ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण |
|---|---|
| **उषा भुषाल**<br>ना.प्र.नं.-५८३७<br>जारी मिति - २०६२/०८/०१ जि.प्र.का.अर्घाखाँची<br>बाबु - कृष्ण प्रसाद पाण्डे<br>ससुरा - कृष्ण प्रसाद भुषाल<br>पति- भोजराज भुषाल<br>स्थायी ठेगाना- अर्घाखाँची जिल्ला, बाङला गा.वि.स./न.पा. वडा नं. ०९,<br>हालको ठेगाना- रुपन्देही जिल्ला बुटवल उ.न.पा. वडा नं. १० | १. **भोजराज भुषाल**<br>ना.प्र.नं.-५४०७/३८४४,<br>जारी मिति - २०५२/०४/०७, जि.प्र.का. अर्घाखाँची<br>बाबु - कृष्ण प्रसाद भुषाल<br>बाज - चन्द्रमणी भुषाल<br>स्थायी ठेगाना- अर्घाखाँची जिल्ला, बाङला गा.वि.स./न.पा. वडा नं. ०९,<br>हालको ठेगाना- रुपन्देही जिल्ला, बुटवल उ.न.पा. वडा नं. १० |

**धितो सुरक्षणको विवरण**

१. **उषा भुषाल**को नाममा मालपोत कार्यलय, बुटवल, रूपन्देहीमा दर्ता कायम रहेको, रूपन्देही जिल्ला, बुटवल गा.वि.स./न.पा.वडा नं. १० स्थित कि.नं. ९६ को क्षेत्रफल ०-०-१०.८१ (बि.क.धु.क) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरू समेत ।

### हेटौंडा शाखा

**१. ऋणीहरुको विवरण**

| | |
|---|---|
| **नविन कुमार खड्का**<br>ना.प्र.नं.- १-१८१२८<br>जारी मिति - २०४७/०९/१६, जि.प्र.का. मकवानपुर<br>बाबु - जित बहादुर खड्का<br>बाजे - खड्ग बहादुर खड्का<br>पत्नि - दुर्गा खड्का<br>स्थायी ठेगाना- मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०९<br>हालको ठेगाना- ऐ.ऐ ....१ र | **जनार्दन उपाध्याय**<br>ना.प्र.नं.- ३२१०८५३<br>जारी मिति - २०४५/०२/२६, जि.प्र.का. मकवानपुर<br>बाबु - केशव प्रसाद उपाध्याय<br>बाजे - देवी प्रसाद लामिछाने<br>पत्नि - यमुना उपाध्याय<br>स्थायी ठेगाना- मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ९<br>हालको ठेगाना- मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा वडा नं. ९......१ समेत जना २ को संयुक्त |

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

| | |
|---|---|
| १. **खिला कुमारी लामिछाने**<br>ना.प्र.नं.- २१४२-१५५०<br>जारी मिति - २२०४०/०४/२३, जि.प्र.का. मकवानपुर<br>बाबु - बासुदेव सुवेदी<br>बाजे - हेमलाल सुवेदी<br>पति - केशव प्रसाद लामिछाने<br>स्थायी ठेगाना- मकवानपुर जिल्ला, चितलाङ्ग गा.वि.स., वडा नं. ०८,<br>हालको ठेगाना-ऐ.ऐ<br>२. **राम चन्द्र उपाध्याय**<br>ना.प्र.नं.- २२५४५<br>जारी मिति - २०४९/०३/०८, जि.प्र.का. मकवानपुर<br>बाबु - केशव प्रसाद उपाध्याय<br>बाजे - देवी प्रसाद लामिछाने<br>पत्नि - निर्मला उपाध्याय<br>स्थायी ठेगाना- मकवानपुर जिल्ला, हेटौंडा न.पा., वडा नं. ०९,<br>हालको ठेगाना- मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा वडा नं. ९<br>३. **यमुना उपाध्याय**<br>ना.प्र.नं.- ३११०२३/७६६५४<br>जारी मिति - २०६७/०७/२५ जि.प्र.का. मकवानपुर<br>बाबु - ओम प्रसाद सापकोटा<br>बाजे - लिला नाथ सापकोटा<br>पति - जर्नादन उपाध्याय<br>स्थायी ठेगाना- मकवानपुर जिल्ला, हेटौंडा न.पा., वडा नं. ०९,<br>हालको ठेगाना- मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा वडा नं. ०९<br>४. **अच्युत प्रसाद उपाध्याय**<br>ना.प्र.नं.- २४/२४८<br>जारी मिति - २०५४/०३/०९, जि.प्र.का. मकवानपुर<br>बाबु - केशव प्रसाद उपाध्याय<br>बाजे - देवी प्रसाद लामिछाने<br>पत्नि - रन्जना शर्मा<br>स्थायी ठेगाना- मकवानपुर जिल्ला, हेटौंडा न.पा., वडा नं. ०९,<br>हालको ठेगाना- मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा वडा नं. ९<br>५. **जित बहादुर खडका**<br>ना.प्र.नं.- २७०५/४२२<br>जारी मिति - २०३१/०४/१४ जि.प्र.का. काठमाण्डौं<br>बाबु - भक्त बहादुर खड्का<br>बाजे - खड्ग बहादुर खड्का<br>पत्नि - सन्जा देवी खड्का<br>स्थायी ठेगाना- काठमाण्डौं जिल्ला, का.म.न.पा., वडा नं. ३०,<br>हालको ठेगाना- मकवानपुर जिल्ला हेटौंडा उमा न.पा वडा नं. ०९ | ६. **दुर्गा खडका**<br>ना.प्र.नं.- ५३/३५१९६<br>जारी मिति - २०६३/०२/२४, जि.प्र.का. मकवानपुर<br>बाबु - चन्द्र बहादुर बस्नेत क्षेत्री<br>बाजे - इन्द्र बहादुर बस्नेत<br>पति - नविन कुमार खड्का<br>स्थायी ठेगाना- मकवानपुर जिल्ल, हेटौंडा न.पा., वडा नं. ०९,<br>हालको ठेगाना- मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा वडा नं. ९<br>७. **सन्जा देवी खड्का**<br>ना.प्र.नं.- २०९३/३९०१<br>जारी मिति - २०४०/०१/०९, जि.प्र.का. बारा<br>बाबु - छत्र बहादुर भट्टराई<br>बाजे - बल बहादुर भट्टराई<br>पत्नि - जित बहादुर खड्का<br>स्थायी ठेगाना-बारा जिल्ला डुमरवाना गा.वि.स., वडा नं.०७<br>हालको ठेगाना- मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा वडा नं. ०९<br>८. **निमेश खड्का**<br>ना.प्र.नं.- ३१-०१-७८-००४८५<br>जारी मिति - २०७८/०१/१२, जि.प्र.का. मकवानपुर<br>बाबु - नबिन कुमार खड्का<br>बाजे - जित बहादुर खड्का<br>स्थायी ठेगाना- मकवानपुर जिल्ला, हेटौंडा न.पा., वडा नं. ०९,<br>हालको ठेगाना- मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा वडा नं. ९<br>९. **नितेश खड्का**<br>ना.प्र.नं.- ३१-०१-७१-०८६५८<br>जारी मिति - २०७१/०९/०६, जि.प्र.का. मकवानपुर<br>बाबु - नबिन कुमार खड्का<br>बाजे - जित बहादुर खड्का<br>स्थायी ठेगाना- मकवानपुर जिल्ला, हेटौंडा न.पा., वडा नं. ०९,<br>हालको ठेगाना- मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा वडा नं. ९ |

**धितो सुरक्षणको विवरण**

| | |
|---|---|
| १ **खिला कुमारी लामिछाने**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १२ (साविक पदमपोखरी गा.वि.स वडा नं. ५, मकवानपुर) स्थित कित्ता नं. १३२७, १०७३ र २२२ को क्षे.फ. क्रमश ०-१-०, ०-४-० र ०-२-१६(वि.क.धु) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत । | २ **जित बहादुर खड्का**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा गा.वि.स./उ.म.न.पा. वडा नं. ९ (साविक हेटौडा न.पा वडा नं. ९, मकवानपुर) स्थित कित्ता नं. २८५५ को क्षे.फ. ०-०-१८ (वि.क.धु) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत । |

### कावासोती शाखा

**१. ऋणीको विवरण**

१. **सुदिप चापागाई**
ना.प्र.नं.- ४२२०४३/६५५
जारी मिति - २०७१/०२/२८, जि.प्र.का. स्याङ्जा
बाबु - तिलक प्रसाद चापागाई
बाजे - दुर्गा नारायण चापागाई
आमा: सिता देवी चापागाई
स्थायी ठेगाना- स्याङ्जा जिल्ला, पिंडिखोला गा.वि.स., वडा नं. ०६
हालको ठेगाना- नवलपरासी जिल्ला कावासोती न.पा. वडा नं. ०३

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

| | |
|---|---|
| १. **तिलक प्रसाद चापागाई**<br>ना.प्र.नं.- १४१४<br>जारी मिति - २०४१/०६/२६, जि.प्र.का. स्याङ्जा<br>बाबु - दुर्गा नारायण चापागाई<br>बाजे - नर भुपाल चापागाई<br>पत्नि- सिता देवी चापागाई<br>स्थायी ठेगाना- स्याङ्जा जिल्ला, पिंडिखोला गा.वि.स., वडा नं. ०६<br>हालको ठेगाना- नवलपरासी जिल्ला कावासोती न.पा. वडा नं. ०३<br>२. **सिता देवी चापागाई**<br>ना.प्र.नं.- १६६७<br>जारी मिति - २०४४/१२/०९, जि.प्र.का. स्याङ्जा<br>पति - तिलक प्रसाद चापागाई<br>ससुरा - दुर्गा नारायण चापागाई<br>स्थायी ठेगाना- स्याङ्जा जिल्ला, पिंडिखोला गा.वि.स., वडा नं. ०६<br>हालको ठेगाना- नवलपरासी जिल्ला कावासोती न.पा. वडा नं. ०३ | ३. **सुनिल चापागाई**<br>ना.प्र.नं.- ४२२०४३/३०८७०<br>जारी मिति - २०६४/१०/१७, जि.प्र.का. स्याङ्जा<br>बाबु - तिलक प्रसाद चापागाई<br>बाजे - दुर्गा नारायण चापागाई<br>आमा: सिता देवी चापागाई<br>स्थायी ठेगाना- स्याङ्जा जिल्ला, पिंडिखोला गा.वि.स., वडा नं. ०६<br>हालको ठेगाना- नवलपरासी जिल्ला कावासोती न.पा. वडा नं. ०३ |

**धितो सुरक्षणको विवरण**

१. **सिता देवी चापागाई**को नाममा मालपोत कार्यालय, कावासोती, नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स वडा नं. २ स्थित कित्ता नं. ३४५१, ५१३८ को क्षे.फ. क्रमश: ०-०-८.५०-० र ०-०-१.२५-० (वि.क.धु.क) घर/जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

**२. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग, बाणिज्य तथा आपुर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग बिभाग, घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी (ब.सु.पु) नवलपुरमा मिति २०६८/१२/०३ मा उ.प्रा.फ.द.नं. ३४०/४९४५/०६८/६९ कायम भई दर्ता रहेको नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स वडा नं. ०३ स्थित रजिष्टर्ड कार्यालय रहेको
**ओम शान्ति राइस मिल ।**
**प्रोप्राईटर - शुवर्ण मान सिंह खडका**
(स्थायी लेखा नं. ६००४५०१७९ जारी मिति २०६८/१२/२७)

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

| | |
|---|---|
| १. **शुवर्ण मान सिंह खड्का**<br>ना.प्र.नं.- १३१-नुवाकोट<br>जारी मिति - २०३०/०२/२५, जि.प्र.का. नवलपरासी<br>बाबु - दिल मान सिंह खड्का<br>बाजे - भद्र सिंह खड्का<br>पत्नि- सिता कुमारी न्यौपाने<br>स्थायी ठेगाना- नवलपरासी जिल्ला, कावासोती गा.वि.स. वडा नं. ०२<br>हालको ठेगाना- नवलपरासी जिल्ला, कावासोती न.पा वडा नं. ०२<br>२. **सिता कुमारी न्यौपाने**<br>ना.प्र.नं.- १६७९०<br>जारी मिति - २०४७/०३/१७, जि.प्र.का. मकवानपुर<br>बाबु - फटिक बहादुर न्यौपाने<br>बाजे - सिता राम न्यौपाने<br>पति- शुवर्ण मान सिंह खडका<br>स्थायी ठेगाना- मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०९<br>हालको ठेगाना- नवलपरासी जिल्ला, कावासोती न.पा वडा नं. ०२ | ३. **बिकाश खड्का**<br>ना.प्र.नं.- २५७७१<br>जारी मिति - २०५८/१२/१८ जि.प्र.का. नवलपरासी<br>बाबु - सुवर्णमान सिंह खडका<br>बाजे - दिल मान सिंह खडका<br>स्थायी ठेगाना- नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स., वडा नं. ०३<br>हालको ठेगाना- नवलपरासी जिल्ला, कावासोती न.पा वडा नं. ०२ |

**धितो सुरक्षणको विवरण**

| | |
|---|---|
| १. **सिता कुमारी न्यौपाने**को नाममा मालपोत कार्यालय, कावासोती, नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, कावासोती गा.वि.स वडा नं. ४ स्थित कित्ता नं. ११०७ को क्षे.फ. ०-२-३ -० (बि.क.धु.क) घर/जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत । | २. ऋणी **ओम शान्ति राइस मिल**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक । |

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### नबुझी लगानी गर्दा डुबिएला है !

सरकार परिवर्तनसँगै सकारात्मक बनेको सेयरबजार पछिल्लो समय उच्च अंकले बढिरहेको छ । नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीतिमा खुकुलो व्यवस्था गरिदिएपछि सेयरबजारमा निरन्तर उछाल आइरहेको छ । बुधबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ६४.२५ अंकले बढ्दा कारोबार रकममा नयाँ कीर्तिमान नै कायम भएको छ । बुधबार २१ अर्ब ९१ करोड १५ लाख तीन हजार रूपैयाँबराबरको सेयर किनबेच हुँदा नयाँ 'रेकर्ड' बनेको हो । बिहीबार भने नेप्से परिसूचक ५.२९ अंकले घट्न पुगेको छ । कारोबार रकम पनि २१ अर्ब ७१ करोड ३४ लाख ३१ हजार रूपैयाँमा खुम्चिएको छ ।

गत शुक्रबार (१२ साउन) सार्वजनिक मौद्रिक नीतिमा संस्थागततर्फको सेयर धितो कर्जामा यसअघि लगाइएको २० करोड रूपैयाँको सीमा हटाइएको छ । यसरी खुकुलो मौद्रिक नीति आएसँगै सेयरबजारमा उछाल देखिएको हो । यसले सेयरबजारमा लगानी गरेकाहरूमा उत्साह जगाएको छ । किनकि, लामो समयदेखि सेयरबजार बढ्न सकिरहेको थिएन । जसकारण लगानीकर्ताहरू निराश बनिरहेको अवस्था थियो । लामो समयदेखिको प्रतीक्षामा रहेका उनीहरू अहिले उत्साहित भएका हुन् ।

सेयर कारोबारबाट नाफा आर्जन गर्न धैर्यता चाहिन्छ । हतारमा निर्णय गरेर किनबेच गर्दा ठूलो नोक्सानी बेहोर्नुपर्छ । बजार के कारणले बढिरहेको छ र आगामी दिनमा कता जाँदै छ भन्ने नबुझी हल्लाको भरमा लाग्नु घातक हुनसक्छ । त्यसैले सेयरबजारका विज्ञहरूको प्राविधिक विश्लेषण र सल्लाहअनुसार निर्णय लिनु अति महत्त्वपूर्ण हुन्छ । सेयरमा लगानी गरेर चाँडै नाफा आर्जन गर्न सकिन्छ, जुन अन्य क्षेत्रबाट सम्भव हुँदैन । तर, यो यत्तिकै जोखिमपूर्ण पनि हुन्छ । त्यसैले सेयरमा लगानी गर्नु भनेको जुवा खेल्नुसरह भनिएको हो । जुवामा कहिले जितिन्छ त कहिले क्षणभरमै करोडौं रकम सकाइन्छ । हो, सेयर कारोबारमा पनि त्यस्तै हो । सुझबुझका साथ कारोबार गर्नेले मात्रै फाइदा लिनसक्छ ।

सबैभन्दा जोखिम त सेयरबजार नै कब्जा गरेर बसेका दलाली समूहबाट हुन्छ । त्यस्ता समूहले सेयरबजारमा ठूलो चलखेल गरिरहेका हुन्छन् । एउटा समूहको सेयर मूल्य अस्वाभाविकरूपमा बढाएर नाफा बुक गर्ने अनि अर्को समूहतर्फ लाग्ने चलखेलको चंगुलमा सोझा लगानीकर्ता पर्ने गरेका छन् । त्यसैले यसतर्फ सधैं चनाखो हुनु जरुरी छ । अहिले सेयरबजार बढ्नुको कारण अर्थमन्त्री विष्णु पौडेललाई पनि लिने गरिएको छ । उनी हरेकपटक अर्थमन्त्री बन्दा सेयबजार सकारात्मक बन्ने गरेको छ । यसमा उनको के जादू छ, त्यो पुष्टि हुन सकेको छैन । मौद्रिक नीतिलेचाहिँ सहजीकरण गरेकै हो । यद्यपि, बिहीबारको दुई हजार ७५५.६२ बिन्दुबाट नेप्से कुन बिन्दुसम्म पुग्छ भन्ने अनिश्चित छ । हुन त जोखिमविनाको लगानी केहीमा पनि हुँदैन । त्यसो भन्दैमा हचुवाको भरमा लगानी गर्ने होइन । धैर्य र सतर्क भएर लगानी गर्नु नै बुद्धिमानी ।

## सफलताका लागि संवेग व्यवस्थापन



■ नेत्र सुवेदी 'प्रयास'

> अहिलेको जटिल जीवनशैलीयुक्त समाजमा व्यक्तिले आफ्नो र अरूको पनि संवेग बुझेर व्यवहार गर्नुपर्ने भएको छ । क्यालिफोर्नियामा कार्यालय रहेको गैरसरकारी संस्था सिक्स सेकेन्ड्स त्यस्तो संस्था हो जसले संवेगलाई व्यवहारमा प्रयोग गर्न सक्नेगरी प्रक्रिया विकास गरेको दाबी गरेको छ । संवेगात्मक बौद्धिकताको सही अभ्यासबाट विश्वमा अर्बौंको संख्यामा रहेका मानिसलाई सन्तुलित व्यवहार गर्न सक्षम बनाउँदै शान्त, समृद्ध र अझ राम्रो विश्व निर्माण गर्ने भिजन उक्त संस्थाको रहेको छ र संवेग सम्बन्धमा थुप्रै सामग्रीहरु प्रयोगकर्तालाई उपलब्धसमेत गराएको छ ।

'के छ हालचाल ?' भनेर कसैले सोध्यो भने हामीले तयारी जवाफ दिन्छौं, 'ठिकै छ' । कसैले 'खतम छ' पनि भन्ला । तर यी जवाफ प्रस्ट भएनन्, सोलोडोलो खालका भए । यी र यस्ता प्रश्नको यकीन र प्रस्ट जवाफ दिन सकेमा हाम्रो जीवन नै बदलिनसक्ने दाबी मनोविज्ञानवेत्ताहरूको रहेको छ । आफूमा वा अरूमा तत्काल रहेको संवेगलाई राम्रोसँग बुझ्नु भनेको हामी कसरी सिक्ने, कसरी निर्णय गर्ने, कसरी अरूसँग व्यवहार गर्ने भन्ने विषयमा प्रस्ट हुन सरल हुन्छ भने अन्ततोगत्वा व्यक्तिगत उन्नतिका लागि पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ ।

संवेगहरूको आफ्नै पहिचान र महत्त्व रहेको हुन्छ । संवेगलाई शरीरको बुद्धि पनि भनिन्छ । संवेगहरू जीवशास्त्रीय तत्त्व हुन् । यसलाई हाम्रो शरीर र दिमागले काम गर्ने रसायन पनि भन्ने गरिन्छ । भनिन्छ कि हामीमा आउने संवेग हामीलाई केही न केही सुनाउन उपस्थित भइरहेको हुन्छ । संवेग सिर्जना गर्ने उद्दीपकलाई हामीहरू आन्तरिक र बाह्य भनेर हेर्न सक्छौं । आफैंभित्र सिर्जित कुनै विचार वा भौतिक अनुभूतिलाई आन्तरिक उद्दीपक भनिन्छ भने कसैसँग भएको भेट वा कुनै घटना भने द्वित्तीयक उद्दीपकमा पर्दछन् । संवेग र विचार एकले अर्कोलाई प्रभाव पार्ने हुन्छ । साथै संवेगले हाम्रो शरीरमा पनि असर पर्दछ । यसको ज्ञानबाट व्यक्तिलाई अवसर र चुनौतीका लागि तयारी हालतमा राख्दछ ।

शरीरमा रहेका आधारभूत क्रियाहरू जस्तैः मुटुको धड्कन, रगतको प्रवाह, पाचन क्रिया, रोगसँग लड्ने क्षमता, मांसपेसीमा रहने लचिलोपन र शरीरको तापक्रममा घटबढ हुने गर्दछ । त्यसैले भनिएको छ कि के कस्तो शारीरिक अवस्था छ भन्नेबाट पनि कस्तो संवेग पैदा भएको छ भन्ने थाहा लाग्दछ । संवेग पहिचान गर्ने र सोहीअनुसार व्यवहार गर्ने अभ्यास गर्दै जाँदा मन्दखालको अनुभूति चिनेर कडा र घातक प्रतिक्रिया पैदा नहुँदै व्यवस्थित गर्न सम्भव हुन्छ । हाम्रो शरीरको अवस्था जान्नका लागि शरीर-मस्तिष्क-हृदयको 'स्क्यान' गर्नुपर्ने अनिमात्र पूर्णरूपमा जानकारी पाउन सकिने भनिएको छ । भौतिकरूपमा अनुभूत भएका कुराहरू जस्तैः चिन्ता, मुस्कान, मांसपेसीको लचकता छ वा छैन भन्नेबाट शारीरिक अवस्था थाहा लाग्दछ भने कस्तो विचार आइरहेको छ ? ध्यान केन्द्रित भएको छ वा भंग भइरहेको छ अवलोकन गर्ने गर्दा मस्तिष्कको अवस्था थाहा लाग्दछ भने शान्त छ वा झोँक चलेको छ वा खुसी वा चिन्तित वा उत्साहित के छ भन्ने जानकारीबाट हृदय पढ्न सकिने देखिन्छ ।

रोबर्ट प्लुटचकका अनुसार खुसी, आश्चर्य, रुचि, नरुचाउनु वा घृणा गर्नु, चिन्ता, डर छ आधारभूत संवेगमा पर्दछन् । त्यसैगरी, आठवटा आधारभूत संवेगमा रिस र विश्वाससमेत थपिन्छन् । समूहमा सँगै बसेर घटनाक्रम र भएको अनुभूति साटासाट गर्ने क्रममा कुन संवेगले काम गरेको भनेर अनुमान लगाउन सक्छन् र कस्तो संवेगका बखत के कस्तो व्यवहार वा क्रियाकलाप गर्नु उचित हुन्छ र के कस्तो गर्नु हुँदैन भन्ने सिकाइसमेत हुन्छ ।

हाम्रो दिमागमा रहने 'हाइपोथ्यालामस' त्यस्तो चिज हो, जसलाई संवेगको रसायन रहने कारखाना नै भन्न सकिन्छ । प्रोटिनबाट बनेका धागोजस्तो वस्तुबाट बन्ने त्यस्ता संवेगका रसायनहरू दिमाग हुँदै पिटुटरी नली हुँदै रगतमा प्रवाह हुने गर्दछन् । यसबाट पनि के बुझ्न सकिन्छ भने संवेगात्मक अनुभूतिको प्रभाव प्रत्येक जीवित कोषमा पर्न जान्छ । संवेगसम्बन्धी रसायन शरीरभरि पुग्न छ सेकेन्ड लाग्ने बताइएको छ ।

### किन आवश्यक छ संवेग व्यवस्थापन

अहिलेको मान्छेमा र अहिलेको सम्बन्धमा देखिएको बेचैनी, बेखुसी, अशान्ति र विरोधाभासको पिँधमा पुगेर हेरियो भने संवेगलाई पढ्न नसक्नु र संवेग नबुझी व्यवहार गरिनुमा पुगिन्छ । आधुनिक दुनिया जति नै नजिकका व्यक्तिहरूबीचमा पनि अनुभूतिमा आधारित संवाद कम वा दुर्लभ हुन्छ । एकै परिवारका सदस्यहरूबीच, एउटै टोलीमा काम गर्ने भनिए पनि वा एउटै संगठनमासमेत एकले अर्काको संवेग बुझेर हैन कि आफ्नो संवेगलाई सबैथोक ठाने जसरी बोलिन्छ, जसबाट अरूलाई हित नगर्न सक्छ । अझ यसरी भनौं प्रत्येक छलफलमा शान्ति वा आत्मीयता प्रवर्द्धन गर्ने वा द्वन्द्व वा हिंसा बढाउने भन्ने छनोट हामीले नै गर्ने हो अरू कसैले गरिदिंदैन । एकता प्रकाशनले सन् २०२० मा बजारमा ल्याएको 'माई इमोसन म्याटर' नामक पुस्तकमा संवेगको परिचय तथा आधारभूत पक्षहरूका सम्बन्धमा चर्चा गर्दै सकारात्मक व्यवस्थापनका बारेमा मार्गदर्शन गरिएको छ ।

संवेगलाई चिनाउने संवेगात्मक साक्षरता र संवेगात्मक बौद्धिकताबाट सन्तुलित र प्रभावकारी जीवन जिउने कलाको विकास हुन्छ । यो कौशलबाट कुनै पनि कामको नतिजाको प्रभावकारिता बढ्ने, निर्णय निर्माणमा सुधार आउने, स्वस्थकर रहने र आपसी सम्बन्ध प्रगाढ राख्न सहयोगी हुन्छ । भनिएको छ कि संवेगलाई बुझ्नेहरू अनुभूति व्यवस्थापनमा चुस्त हुन्छन् र त्यसैगरी आफ्नो काममा पनि निपूर्ण उत्रिन्छन् । उनहरू खुसीमा मात्तिने र दुःखमा आत्तिने नगरी एकखालको सन्तुलित व्यवहार प्रदर्शित गर्न सक्छन् ।

### संवेग व्यवस्थापन कला

दिनभरि गरिएका कामलाई फर्केर हेर्दा खुसीको पल र दुःखको पल कुन थियो ? गत हप्ताभरिको सुनाउनयोग्य कुनै क्षण कुन थियो ? यस्ता प्रश्नहरू व्यक्तिको संवेगसँग सम्बन्धित हुन्छन् । कुन घटना वा क्षणमा के कस्ता अनुभूति भए भन्ने तहमा व्यक्तिले जवाफ दिन सकेमा मात्र उल्लिखित प्रश्नको जवाफले अर्थ राख्दछ । यसरी मनका अनुभूतिहरू व्यक्त गर्ने अवसर पाउँदा मान्छे नजिक भएको महसुस गर्दछ । हामीमा सिर्जना हुने वा हाम्रो व्यवहारलाई प्रभावित गर्ने आधारभूत संवेगहरूको जानकारी गराएपछि माथि उल्लेख भएका प्रश्नहरूको उत्तर दिन सरल हुन्छ । अभ्यास गर्दै जाँदा सुनाएका क्षण वा संवेगहरू वा व्यक्तिले महसुस गरेका प्रतिक्रियाहरू कुन संवेगसँग सम्बन्धित छ भनेर सुनाउने व्यक्तिले नै भन्न थाल्दछन् ।

एउटा परिवारमा रहने व्यक्तिहरू कमसेकम साँझको १५ मिनेट सँगै बसेर दिनभरिमा के कसो भयो भनेर आ-आफ्नो अनुभूति सुनाउने संस्कारको विकास गर्नु सकियो भने कस्तो परिस्थितिमा कुन संवेग प्रभावी भएर आयो भन्ने खुल्दै जान्छ । आफू स्वयं र अरू कुनै व्यक्तिको सम्बन्धमा पनि के कसरी व्यवहार गर्दा उसको संवेगमा अनावश्यक उतरचढाव आउँदैन भनेर बुझ्नका लागि पनि आफू वा अरू कसैलाई कुन खालको घटनाले प्रभाव पार्दछ भन्ने बुझ्नु आवश्यक हुन्छ । यसबाट नै पारिवारिक सम्बन्ध प्रगाढ बन्दै जान्छ । त्यस्तै मूल्यमा आधारित शिक्षाको पाटोका रूपमा संवेगसम्बन्धी सिकाइबाट व्यक्ति, विद्यालय र अन्य संगठनलाई संवेगात्मक बौद्धिकताको सहयोगबाट अन्तरवैयक्तिक सम्बन्धमा रहेका समस्या हल गर्ने विश्वास गर्न सकिन्छ ।

घरपरिवारको सदस्य, विद्यालयमा अध्ययनरत विद्यार्थी, कार्यालयका स्टाफ वा कुनै टोलीका सदस्यहरूलाई संवेगसम्बन्धी साक्षरता आवश्यक पर्दछ । सुरुमा उत्सुकता, खुसी र डरलाई बुझाउन क्रमशः कोपिला, फूल र काँडाद्वारा चिनाउन सकिँदोरहेछ । अनि एकले अर्कोलाई तिम्रो आजको फूल के हो भनेर जिज्ञासा राख्न पनि मिल्दोरहेछ । कसैले भन्ला कि आज धेरै वर्षपछि मेरो मिल्ने साथीसँग भेट भयो त्यसैले आजका लागि मेरो फूल यही भेट हो भनेर । अनि आउने हप्ता पोखरा घुम्न जाने योजना बन्नु कुनै विद्यार्थीका लागि कोपिला हुन सक्छ । संवेगलाई मसिनोसँग चिनेपछि व्यवहार गर्न पनि सरल हुँदै जानु स्वाभाविक नै हो ।

हामीहरू जटिलताले भरिपूर्ण समयमा बाँचिरहेका छौं । पहिलेपहिले नभएका र शीघ्र सुधार भइरहेका सञ्चारमाध्यम तथा सामग्रीको बाढी नै लागेको छ तर पनि व्यक्तिहरू एकलकाँटे देखिन्छन्, खुसी देखिन्नन्, सम्बन्धहरू पनि टिकाउ भइरहेका छैनन् । तनावको तह बढिरहेको छ । यी कारणको परिणामस्वरूप व्यक्तिहरू अस्थिर, अधैर्य, आपसमा भिड्ने, भाग्ने, निष्क्रिय रहने क्रम बढेको छ । सारमा भन्नुपर्दा हामीले व्यक्तिगत र सामूहिकरूपमा भोग्नुपरेका समस्याको समाधान जटिल बन्दै गइरहेको छ । हाम्रो परिवेश र कार्यशैलीका कारण संवेगात्मक चुनौती बढेको हो । बालबालिका, किशोरकिशोरी पनि तनावको भुमरीमा छन् ।

अहिलेको जटिल जीवनशैलीयुक्त समाजमा व्यक्तिले आफ्नो र अरूको पनि संवेग बुझेर व्यवहार गर्नुपर्ने भएको छ । क्यालिफोर्नियामा कार्यालय रहेको गैरसरकारी संस्था सिक्स सेकेन्ड्स त्यस्तो संस्था हो जसले संवेगलाई व्यवहारमा प्रयोग गर्न सक्नेगरी प्रक्रिया विकास गरेको दाबी गरेको छ । संवेगात्मक बौद्धिकताको सही अभ्यासबाट विश्वमा अर्बौंको संख्यामा रहेका मानिसलाई सन्तुलित व्यवहार गर्न सक्षम बनाउँदै शान्त, समृद्ध र अझ राम्रो विश्व निर्माण गर्ने भिजन उक्त संस्थाको रहेको छ र संवेग सम्बन्धमा थुप्रै सामग्रीहरू प्रयोगकर्तालाई उपलब्धसमेत गराएको छ ।

'जोन' नामक विद्वानका अनुसार यदि कुनै व्यक्तिले संवेगसँग स्वस्थ र खुला सम्बन्ध राख्न सक्षम भयो अनि आफूमा आएको संवेगलाई पहिचान गर्न स्वीकार गर्न र सम्मान गर्न सक्यो भने र ती संवेगलाई जागृतिको औजारका रूपमा लिन सक्यो भनेमात्र त्यो क्षमताले जीवनका विभिन्न मोडमा आवश्यक पर्ने निर्णय लिने कार्य सरल भएर जन्छ । संवेगको सम्बन्धमा साक्षर हुनु भनेको संवेग के-के हुन्छ भनेर बुझ्नुमात्र कदापि होइन । तत्काल आफूमा के कस्तो संवेग अनुभूति भइरहेको छ अवगत हुनु, अरू व्यक्तिको अनुहार हेरेर वा स्वर सुनेर उसको संवेग पहिचान गर्नु पनि हो । यदि अनुमान लगाउन सकिएन भने संवेग पढ्न नसकेको नै मानिन्छ ।

त्यस्तै, कुनै घटना वा परिस्थितिको सम्बोधन गर्ने कि प्रतिक्रिया मात्र व्यक्त गर्ने, जीवनमा कुनै लक्ष्य वा उद्देश्य लिएर त्यसैमा केन्द्रित हुनु वा निरुद्देश्य भड्किरहनु, कुनै जिज्ञासामा जवाफ दिन हतार गर्नु वा केहीबेर रोकिएर जवाफ दिनु, अरूले राखिरहेको विषय सुन्न तयार नहुनु वा ध्यान दिएर सुन्नु, आफ्नो मूल्यमान्यता बारेमा नै अनभिज्ञ हुनु वा मूल्यमान्यता पछ्याउनु, कुनै कार्यपश्चात् पृष्ठपोषण नलिनु वा पृष्ठपोषणप्रति खुला रहनुजस्ता परस्पर विपरीत व्यवहार संवेगप्रति साक्षर हुँदा वा नहुँदा देखापर्दछन् । वास्तवमा व्यक्तिमा देखापर्ने जुनसुकै खालको संवेगको जिम्मेवारी उक्त व्यक्तिकै हुन्छ । आफ्नो संवेगका कारण भएको नतिजाका लागि जिम्मेवारी नलिने तर अरूलाई आरोप भने लगाइहाल्ने प्रवृत्ति पनि संवेगको व्यवस्थापन कला नभएकै परिणाम हो । संवेगको साक्षरता वा संवेगात्मक बौद्धिकता राम्रो भएको खण्डमा आफ्नो वा संलग्न समूहलाई पूर्णरूपमा जागृत राख्न सहयोग पुग्दछ ।

संवेगात्मक अनुभूतिहरूलाई बेवास्ता गर्ने अभ्यास बढ्दै गयो भने त्यस्ता अनुभूतिसँग मुकाबिला गर्ने विषय चुनौतीपूर्ण हुँदै जान्छ । संवेगका संकेतहरूप्रति सचेत भइयो भने एउटा वा एकभन्दा बढी संवेगले शरीर र व्यवहारमा ल्याउनसक्ने प्रतिकूल परिणामबाट बच्न सकिन्छ । शरीरमा पैदा हुने संवेगहरूमध्ये सबैभन्दा बढी प्रभावमा रहेको संवेग प्रस्ट देखिन्छ । रिसलाई सबैभन्दा सशक्त संवेग मानिएको छ । जस्तो कुनै व्यक्ति रिसाएको बखत एकान्तपन, आशावादिता, केही गर्न उत्साहित पनि हुन सक्दछ । एउटा संवेगलाई अरू सबै संवेगलाई हटाइहाल्न नसक्ने हुँदा कुनै संवेग अनुभूत भइरहेको बेला अरू कुनै अनुभूति पनि छ कि भनेर 'स्क्यान' गर्नुपर्ने हुन्छ । अर्कोतिर संवेगात्मक अनुभूतिहरू संक्रामक हुने बताइएको छ । हामीमा आउने संवेगले हाम्रो कार्यव्यवहारलाई त असर गर्दछ नै यसले हाम्रो वरपर रहेका र हामीसँग सरोकार राख्ने व्यक्ति वा समूहलाई समेत असर गर्दछ ।

विवाद समाधानका क्रममा विवादका कारण तथ्य हो वा सम्बन्ध हो पहिल्याउनुपर्ने देखिन्छ । कारणको सही पहिचान भयो भनेमात्र समाधान सरल बन्दछ । त्यस्तै, हामी उच्च शिक्षासम्म अध्ययन गर्दा पनि धेरै खालका तथ्यांकसँग चल्दछौं तर संवेग वा सम्बन्धका बारेमा कमै मात्र अध्ययन हुन्छ । आपसी सहयोगका सम्बन्धमा कम र प्रतिस्पर्धामा ज्यादा जोड दिएका हुन्छौं । फलस्वरूप हामी संवेग सम्बन्धमा कमै मात्र जानकार हुन्छौं । संगठनभित्र रहेका कर्मचारीहरूको संवेगात्मक अवस्था र कार्यसम्पादनमा त्यसको सम्बन्धको विश्लेषण गरी सोहीअनुसार व्यवहार गर्ने र परामर्श उपलब्ध गराउन सकेमा कार्यालयकै कार्यसम्पादन वृद्धि हुन्छ । यो विषयलाई मनन गरी संवेगात्मक साक्षरता र संवेगको सुव्यवस्थापनलाई प्राथमिकता दिनुपर्ने आवश्यकता छ । *रासस*

*(लेखक बागलुङका प्रमुख जिल्ला अधिकारी हुन्)*

## मनन्योग्य

### चाणक्य नीति

सोच्दै, हात पारेको शत्रुलाई छोड्नु पाप हो चन्द्रगुप्त महानन्दको वध गर्न चाहँदैन, महानन्द जीवित हुनुको अर्थ चन्द्रगुप्तको मृत्यु अनि मेरो प्रतिज्ञा त्यो पनि थाहा छैन के हुन्छ ? यो समय चुक्ने समय होइन भोलि सूर्योदयका साथसाथै महानन्दको वध गराउनुपर्छ । अनि यो हत्याराका रगतले मेरो पिताको तर्पण गर्न सक्छु । ...कौटिल्यको प्रतिज्ञा भोलि अवश्य पूर्ण हुन्छ ।

सन्ध्या सकिन लागेको थियो । शंकरदेव मुरालाई लिएर चाणक्यका कुटीमा प्रवेश गरे । प्रणामपछि मुरालाई आफ्ना आसनको छेउमा बसाले । मुरा- महात्मन् ! के आज्ञा छ ? अपर्झट यो समयमा किन बोलाइयो ? चाणक्य- आपतमा शक्तिको आवश्यकता पर्छ । तिम्रो नामको राज्य स्थापना गर्ने इच्छा छ । तिमीले आफ्नो मुटुलाई ढुंगाजस्तो पार्नुपर्छ । मुरा- किन छकाउँदै हुनुहुन्छ, स्पष्ट भनिदिनोस् ।

चाणक्य- स्पष्ट छ, महानन्द बन्दी भएको छ, मगधमा चन्द्रगुप्तको अधिकार छ, अलिकति हृदय बलियो बनाई भोलि महानन्दलाई वध गर्ने आज्ञा दिन तयार हुनुपर्छ ।

यो सबै सुनी मुराले दुःखित हुँदै भनिन्- 'तपाईंहरू नै जान्नोस, म आफ्नो कलेजाको टुक्रा तपाईंका जिम्मा दिदैछु अब यसको संरक्षक तपाईं हुनुहोस् ।' यो कुरा चन्द्रगुप्त चुपचाप सुनिरहेथे । चाणक्यको दृष्टि चन्द्रगुप्तपट्टि थियो । यो देखी चन्द्रगुप्तले चाणक्यलाई दण्डवत् गरे र भने- 'स्वामी !' यति हतार नगरी गुरुदेव ! यदि उसलाई हामीले बन्दी बनाइराख्यो मन पनि के विग्रिन्छ र ? के बिगार्न सक्छ र उसले ? 'शत्रु जीवित भएमा धेरै विग्रिन सक्छ । महानन्दले शकटार कात्यायनलाई जीवित नराखी वध गरिदिएको भए आज उसले बन्दी हुनुपर्ने थिएन ।

तर गुरुदेव ! असमन्जस हुँदै चन्द्रगुप्तले भने । तर के ? मोह भरिएर आएजस्तो छ बाबुको, यो मोहमा आफ्नो उद्देश्य के हो, बिर्सियौ ? अलिक रोपयुक्त स्वरमा चाणक्यले भने । धधचन्द्रगुप्त हिँडिसकेपछि धेरै समयसम्म चाणक्य सोच्न बाध्य भए । उनले आफ्ना अनुचर शंकरदेवलाई बोलाई भने- 'तिमी तुरुन्तै जाऊ आजै मुरालाई लिएर आऊ भन्नु आचार्य वात्स्यायनले बोलाएको छ ।' आज्ञा पाई शंकरदेव गए । चाणक्य फेरि आफ्नो विचारमा मग्न भए । क्रमशः

## पत्र-मञ्जुषा

### राजस्व छल्न माहिर व्यापारीसामु लाचार सरकार

राजस्व अनुसन्धान विभागले केही महिना एउटा निर्णय गरेको थियो । २०८१ साउन १ गतेदेखि जुनसुकै व्यापार व्यवसाय गर्नेले दिनभर आम्दानी गरेको रकम व्यक्तिगत खातामा राख्न नपाउने र कम्पनी, फर्मको नाममा राख्नुपर्ने निर्णय गरिएको थियो । अहिले अधिकांश व्यापार व्यवसायले मोबाइलमार्फत कारोबार गर्ने गरेको छ ।

सेवाग्राही वा ग्राहकलाई मोबाइल (क्युआर कोड) मार्फत नै पैसा ट्रान्सफर गर्न लगाइन्छ । यद्यपि, त्यो रकम सम्बन्धित व्यापारी वा व्यवसायीको खातामा जम्मा हुने गरेको छ । कम्पनी, फर्मको खातामा रकम राखिँदैन । अर्को कुरा मोबाइलमार्फत सामानको किनबेच गरिँदा न सेवाग्राहीले भ्याट बिल पाउँछ न त व्यापारीले नै कुनै सामान खरिदबिक्री गरेको देखिन्छ ।

यसले राजस्व छली भइरहेको छ । अहिले पनि अधिकांश व्यापार व्यवसाय दर्ताविना सञ्चालनमा रहेका छन् । व्यापारी तथा व्यवसायीहरूले सम्बन्धित स्थानीय तह वा निकायमा दर्ता नै नगरी व्यापार व्यवसाय गरिरहेका छन् । दर्ता नभएपछि प्यान नम्बर हुँदैन । र, प्यान नम्बर नभएपछि राजस्व पनि तिर्नुपर्दैन । यता, व्यवसाय दर्ता नगरी न त चलाउन पाइन्छ न त बोर्ड नै राख्न पाइन्छ ।

वडामा व्यापार व्यवसाय दर्ता गर्दा सम्बन्धित व्यक्तिले सटरको भाडा पनि खुलउनुपर्छ । भाडा खुलाएपछि घरधनीले सोहीअनुरूप घरबहाल कर तिर्नुपर्ने भएकाले अहिले घरधनीहरूकै दबाबमा पनि धेरैले व्यापार व्यवसाय दर्ता नगरेका हुन् । घरधनीहरू एउटै सटरको मासिक भाडा लाखौं रूपैयाँ उठाउँछन् । तर, वडामा पाँच हजार देखाउँछन् ।

तत्कालीन अर्थमन्त्री डा. युवराज खतिवडाले घरायसी काम गर्नेदेखि संघसंस्था, कम्पनी, फर्म, होटल, रेस्टुरेन्टमा काम गर्ने सबै व्यक्तिलाई सरकारले तोकेबमोजिम तलब त्यो पनि बैंकमार्फत दिनुपर्ने निर्णय गरेका थिए । अहिले पनि हातमै तलब दिइने गरिएको छ । बैंकमार्फत तलब दिइँदैन । मासिक तीन हजारदेखि १० हजार रूपैयाँ तलब दिइन्छ ।

अहिलेका अर्थमन्त्री विष्णु पौडेललाई राजस्व कसरी उठाउने भन्नेमा चासो छैन । उद्योगीबाट विद्युत् महसुलबापत झण्डै नौ अर्ब रूपैयाँ उठाउनुपर्ने रकम पनि प्रधानमन्त्री केपी शर्मा ओली र अर्थमन्त्री पौडेलले छोडिदिएका छन् । राजस्व उठाउनेतर्फ कसैको ध्यान गएको छैन । प्रधानमन्त्री र अर्थमन्त्रीको ध्यान सेयरमा मात्र केन्द्रित भएको छ । अर्थमन्त्रीमा पौडेल नियुक्त भएसँगै सेयर कारोबारले रेकर्ड तोडेको छ । यद्यपि, यो धेरै समयको लागि भने होइन ।

किनकि दुई वर्षअघि पनि सेयरमा यस्तै भएको थियो । त्यतिबेला पनि पौडेल नै अर्थमन्त्री थिए । उनी अर्थमन्त्रीबाट हटेपछि धेरै विद्वान व्यक्तिहरू पनि अर्थमन्त्री बने । तर, सेयरको न मूल्य बढ्यो न त कारोबार नै । अहिले त पौडेल अर्थमन्त्री भएकाले सेयरको मूल्य बढिरहेको छ । भोलि उनी अर्थमन्त्रीबाट हट्नासाथ फेरि पनि सेयरमा लगानी गरेका सर्वसाधारणहरू नराम्ररी डुब्ने छन् ।

सेयरमा एमालेकै कार्यकर्ताको लगानी रहेको प्रस्ट भइसकेको छ । त्यसैले, पौडेल अर्थमन्त्री हुनासाथ सेयरको मूल्य बढ्छ त उनी हटेसँगै मूल्य ह्वात्तै घट्छ । सेयरमा सर्वसाधारण डुबाउने रणनीति हो यो । अझै पनि एमालेका कार्यकर्ताहरू जो सेयर दलालीहरू छन्, तिनीहरू सर्वसाधारण फसाइरहेका छन् । र, प्रधानमन्त्री, अर्थमन्त्री सेयर पहिलाकै लयमा फर्कियो भनेर सर्वसाधारण डुबाइरहेका छन् ।

अहिले पनि प्रधानमन्त्री ओलीलाई राजस्व कसरी उठाउने र खर्च कसरी कटौती गर्ने भन्नेमा मतलब छैन । उनी त उद्योगी, व्यवसायीसँग उठाउनुपर्ने रकम वा राजस्व पनि मिनाहा गर्नेतिर लागिपरेका छन् ।

**– रुषा थापा, भक्तपुर**

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**घस्रादै यात्रा गर्दै भक्तजन**

**टुटेश्वरनाथ दर्शनका लागि लम्पसार परेर घस्रँदै यात्रा गर्दै दण्डीबम भक्तजन । महोत्तरीको गौशाला–८ स्थित माण्डवीगंगा, स्वर्णमती र वरुणमतीको त्रिवेणी संगमबाट जल भरेर १८ किलोमिटरको यात्रा घस्रँदै दण्डीबमले पाँचौं दिन बिहान पूरा गर्ने छन् ।**

*तस्बिरः गोपालप्रसाद बराल/रासस*

# बाढी नियन्त्रण गर्न निर्माण गरिएका पक्की पर्खाल

**म्याग्दी–** बेनी बजार र आसपासका क्षेत्रमा बाढी नियन्त्रण गर्न एक किलोमिटर ४४ मिटर लामो पक्की पर्खाल निर्माण गरिएको छ । रूपाताल संरक्षण एकीकृत विकास परियोजनाले ५० करोड रूपैयाँको लागतमा म्याग्दी, कालीगण्डकी र राहुघाट नदीको किनारमा कम्पोजिट, काउन्टर फोर्ट र ग्राभिटी प्रविधिको पर्खाल निर्माण गरेको हो ।

संघीय सरकारले जोखिमयुक्त जिल्ला सदरमुकामको सूचीमा राखेको बेनी नगरपालिका र पर्वतको जलजला गाउँपालिकाका विभिन्न स्थानमा नदी नियन्त्रण गर्न काम थालेको थियो । बेनी बजार संरक्षण आयोजनाअन्तर्गत आठवटा कम्पनीसँग सम्झौता गरेर निर्धारित समयमा नै काम सम्पन्न भएको परियोजनाका सूचना अधिकारी कृष्णबहादुर विश्वकर्माले बताए । बेनी बजार, गलेश्वर क्षेत्र, राममन्दिर र पर्वत बेनी आसपासका बस्तीलाई संरक्षण गर्न नदी नियन्त्रण आयोजना निर्माण भएको हो ।



आयोजनाअन्तर्गत नौ करोड ४५ लाख रूपैयाँमा ठेक्का सम्झौता गरेको रौताह-बिएनबी कन्ट्रक्सन जेभीले बेनी नगरपालिका-८ स्थित कालीगण्डकी किनारमा १६४ मिटर लामो र आठ मिटर अग्लो काउन्टर फोर्ट र ग्राभिटी प्रविधिको पक्की पर्खाल निर्माण गरेको छ ।

आर्थिक वर्ष २०७८/७९ सम्झौता भएको सो ठेक्कामार्फत यसअघि कालीपुलको कालीगण्डकी किनारमा ८० मिटर पक्की र मंगलाघाटको म्याग्दी नदी किनारमा ४६ मिटर कम्पोजिट पर्खाल निर्माण भएको थियो । बेनी नगरपालिका-७ मंगलाघाटको म्याग्दी नदीको किनारमा दुईवटा प्याकेजमा २६२ मिटर लामो कम्पोजिट प्रविधिको पर्खाल निर्माण भएका हुन् । बेनी नगरपालिका-९ स्थित राहुघाट नदी किनारमा ११० मिटर लामो कम्पोजिट प्रविधिको पर्खाल दुई करोड ६८ लाख रूपैयाँमा बनेको हो ।

पर्वतको जलजला गाउँपालिका-२ राममन्दिर संरक्षणका लागि कालीगण्डकी नदी किनारमा १३८ मिटर लामो सोही प्रविधिको पर्खाल निर्माण भएको छ । यो योजना निर्माणका लागि चार करोड ३२ लाख रूपैयाँमा ठेक्का सम्झौता भएको थियो । जलजला गाउँपालिकाको बगरफाँटमा कालीगण्डकी किनारमा ८५ मिटर लामो कम्पोजिट पर्खाल निर्माण भएको छ ।

यसैगरी, जलजला गाउँपालिका-३ वारीबेनीमा तीन करोड ५० लाख रूपैयाँमा ८४ मिटर लामो पर्खाल भएको छ । बेनी नगरपालिका-२ स्थित बेनी-बागलुङ सडकको भसभसे पहिरो र म्याग्दी नदी कटान नियन्त्रणका लागि दुई करोड ३० लाख रूपैयाँमा ७५ मिटर लामो पर्खाल निर्माण भएको छ । *रासस*

# दाङमा एक वर्षमा विपद्का कारण ५२ जनाको मृत्यु

**दाङ (प्रस)–** दाङमा आर्थिक वर्ष २०८०/८१ मा विपद्मा परी ५२ जनाको मृत्यु भएको छ । जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रको तथ्यांकअनुसार एक वर्ष अवधिमा पानीमा डुबेर सबैभन्दा धेरैको ज्यान गएको छ । जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र दाङका शाखा प्रमुख शम्भु आचार्यका अनुसार आव २०८०/८१ मा पानीमा डुबेर २५, बाढीका कारण १६, सर्पदशंले आठ, करेन्ट लागेर छ, आगलागीमा परेर पाँच, चटचाङ लागेर तीन र हावाहुरीका कारण एक जनाको मृत्यु भएको छ ।

दाङमा गत तीन आवमा मनसुनजन्य विपद्बाट एक हजार ४३४ घर प्रभावित भएका छन् । आव २०८०/८१ मा २८८ घरधुरी प्रभावित भएका छन् । जसमा हावाहुरी, भारी वर्षा, चटचाङ, आगलागी, सर्पदंशजस्ता विपद्बाट २८८ र बाढीबाट २५ घरधुरी प्रभावित भएको जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रले जनाएको छ ।

आव २०७९/८० मा जिल्लामा दुई हजार ९५७ घर मनसुनजन्य विपत्बाट प्रभावित भएका थिए । बाढी, आगलागी, हावाहुरी, चटचाङ, सर्पदंशलगायतका ९२१ घटना घटेको थियो । गत वैशाखदेखि अहिलेसम्म बाढीले दुई हजार ५०७ घरपरिवार प्रभावित भएका छन् । वैशाखयता दाङमा पाँच जनालाई बाढीले बगाएको छ ।

बाढीकै कारण तुलसीपुर उपमहानगरपालिकाको गोठीखोलाका तारा गुरुङ, सोही पालिकाको मटेराकी सम्झना चौधरीको बबई नदीमा डुबेर मृत्यु भएको छ । राजपुर गाउँपालिकाको खरदरियाका राजकुमार यादव, लमही नगरपालिका-८ नयाँ बस्तीका मनिराम चौधरी तथा राजपुर गाउँपालिकाको सालभौडीका छेदुराम चौधरीको नदीमा डुबेर मृत्यु भएको हो । तीन महिना अवधिमा १७४ वटा घर, चार गोठ, छ उद्योग तथा पसलमा क्षति भएको छ । बाढीले १६० मौरीका घार पनि बगाएको जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र दाङले जनाएको छ ।

बाढीमा डुबेर गत वैशाखयता ३६ चौपाया र ४०५ कुखुरा मरेको र एउटा सवारीसाधन बगाएको छ । हालसम्म मनसुनी गतिविधि सक्रिय रहेकाले बाढीको उच्च जोखिम क्षेत्र पहिचान गरी विपद् न्यूनीकरणका लागि विपद् प्रतिकार्यको काम भइरहेको जिल्ला विपद् व्यवस्थापन समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी रामबन्धु सुवेदीले जानकारी दिए ।

उनका अनुसार राजपुर गाउँपालिका र गढवा गाउँपालिकाका सबै वडा, राप्ती गाउँपालिका-१, २, ३, ६, ७, लमही नगरपालिका-२, ४, ५, ६, ७, ८ र ९ मा मनसुनी विपद्को दृष्टिकोणले जोखिम पहिचान गरी काम भइरहेको छ । जिल्लाको बालिम, सिस्ने, कटुवा, सेवार, गुर्जे, पत्रे, सक्राम, चौवा, ग्वार, काला, पातु, गहते, भमके, बागर, बौलाहा, चिसापानी, च्यान्टी, उपल्लो र तल्लो ट्वाङ, सुसाउने, तुई, कलम, घट्टे, मलैलगायत खोलाका कारण मुनसुनजन्य विपतबाट क्षति हुने गरेको उनले बताए ।

## कर्णालीमा विपद्

# डेढ महिनाको अवधिमा दुई करोडभन्दा बढीको क्षति

**भेरीगंगा (सुर्खेत)–** कर्णाली प्रदेशमा गत जेठ २८ यता मनसुनजन्य विपद्का कारण दुई करोड रूपैयाँभन्दा बढीको क्षति भएको छ । कर्णाली प्रदेश प्रहरी कार्यालयको तथ्यांकअनुसार डेढ महिनाको अवधिमा प्रदेशका १० जिल्लामा गरी दुई करोड २८ लाख ५५ हजार रूपैयाँ बराबरको क्षति भएको हो । सबैभन्दा धेरै दैलेखमा ७० लाख रूपैयाँको क्षति भएको तथ्यांक छ । यहाँ २३ वटा विपद्जन्य घटना भएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

सुर्खेतमा १९ वटा विपद्का घटना भएका छन्, जसबाट १० लाखको नोक्सानी भएको छ । यस्तै जाजरकोटमा ३३ वटा घटना हुँदा ३० लाख रूपैयाँ, सल्यानमा २४ वटा विपद्जन्य घटनामा ५१ लाख ३० हजार रूपैयाँ, रुकुम पश्चिममा ४७ मनसुनजन्य घटनाबाट १६ लाख ९९ हजार रूपैयाँको नोक्सानी भएको कर्णाली प्रदेश प्रहरी कार्यालयका प्रवक्ता वीरबहादुर ओलीले जानकारी दिए ।

कालिकोटमा १०२ मनसुनजन्य घटनामा १८ लाख ५० हजार रूपैयाँ, जुम्लामा चार घटनामा ४० लाख रूपैयाँ, डोल्पामा १६ वटामा १९ लाख ५० हजार रूपैयाँको क्षति भएको तथा हुम्ला र मुगुमा कुनै पनि नोक्सानी नभए पनि यहाँ हालसम्म ३३ वटा मनसुनजन्य घटना भएका उनले जानकारी दिए ।

### विपद्का घटनामा ९ जनाको मृत्यु

सोही अवधिमा कर्णालीमा मनसुनजन्य विपद्का घटनामा परी नौ जनाको मृत्यु भएको छ भने ४६ जना घाइते भएका छन् । जसमध्ये सुर्खेतमा दुई, दैलेखमा एक, जाजरकोटमा दुई, रुकुम-पश्चिममा चार जनाको मृत्यु भएको हो । रुकुम-पश्चिमका एक जना अझै बेपत्ता रहेको प्रवक्ता ओलीले बताए ।

यसैबीच ४६ जना घाइते भएका छन् । घाइते हुनेमा जाजरकोटका २२, रुकुम पश्चिमका ११, कालिकोटका सात, दैलेखका चार, सुर्खेत र डोल्पाका एक/एक जना रहेका छन् । यसैगरी विपद्बाट कर्णाली प्रदेशभर ४५ परिवारका २०५ जना विस्थापित भएका छन् । उनीहरूलाई सुरक्षित ठाउँमा स्थानान्तरण गरिएको छ । बाढीपहिरोबाट डेढ महिनाको अवधिमा प्रदेशमा १०६ पशुचौपाया मरेका छन् भने ४५ वटा घाइते भएका छन् । ७५ वटा बेपत्ता छन् । यहाँ बाढीपहिरोले ७० घरमा पूर्ण र ५४ घरमा आशिंक क्षति पुगेको तथ्यांक छ । *रासस*


## आँबुखैरेनी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**आँबुखैरेनी, तनहुँ**
**गण्डकी प्रदेश, नेपाल**

## आ.व. २०८१/०८२ को वातावरण शुल्क ठेक्का सम्बन्धी वोलपत्र (E Bid) आह्वानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८१।०४।१८**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा आँबुखैरेनी गाउँपालिकाको १५औ गाउँसभाको निर्णय बमोजिम आँबुखैरेनी गाउँपालिका, तनहुँको क्षेत्राधिकार भित्र पर्ने उल्लेखित शिर्षकहरुमा आ.व. २०८१।०८२ का लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुवाट आफ्नो फर्मको नविकरण भएको प्रमाण-पत्र, पान दर्ता/मूल्य अभिबृद्धिकर दर्ता प्रमाण-पत्र तथा आर्थिक वर्ष २०७९/०८० को कर चुक्ताको प्रमाणीत प्रतिलिपीहरु संलग्न गरी उक्त कार्य गर्न योग्य भएको स्वघोषणा पेश गरी निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको ३० (तीस) दिने बोलपत्र आह्वान गरिन्छ । बिस्तृत जानकारीका लागि ppmo's (https://www.bolpatra.gov.np/egp), यस कार्यालयको website: www.aanbookhairenimun.gov.np अथवा सूचना पाटीमा हेर्न वा कार्यालय समय भित्र फोन नं. ०६५-५४००८२ मा सम्पर्क गरी राजश्व शाखामा जानकारी लिन सकिने छ ।

| ठेक्का नं. | विवरण | न्यूनतम अङ्क अग्रिम आयकर र मु.अ.कर बाहेक | फारम दस्तुर (पछि फिर्ता नहुने) | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| AKRM/RAJASWO/ ०१/२०८१।८२ | आ.व २०८१।८२ को लागि आँबुखैरेनी गाउँपालिकाको क्षेत्र अधिकार भित्रको प्राकृतिक साधन तथा स्थानीय उत्पादित वस्तुहरु आफ्नो क्षेत्र अधिकार वाहिर लैजाँदा लाग्ने वातावरण शुल्क उठाउने कार्य | ६०,००,०००।०० (साठी लाख मात्र) | ३,०००/- (तीन हजार) | कबोल अङ्कको ५% | |

**प्रमुख प्रशासकीय अधिकृत**
**आँबुखैरेनी गाउँपालिका**



## Free Visa!! Free Ticket!!
## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FACE SHINE LADIES BEAUTY CENTER

पूर्व स्वीकृति मिति २०७९/१०/११ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/१७ | LT. No. 280154 | चलानी नं. ६०१९५६१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairstylist | 0 | 5 | 1200 | ४२,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Makeup Artist | 0 | 5 | 1200 | ४२,५२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन २५ गते (9th Aug 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारखदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- रोजगारदाता कम्पनीले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

VISION & VALUE OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. ८२२/०६६/०६७
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450
Mobile: 9767659357/ 9767659356/ 9767659358 / 9863194834, 9863194832
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com



## कतारमा रोजगार
कम्पनी : NEW WORLD COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०४/१७ | LT. No. 308148 | चलानी नं. ६०२२२९८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 7 | 1000 | ३६,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labour | 2 | 0 | 1000 | ३६,६२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन २५ गते (9th Aug 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NEPAL PLACEMENT AGENCY PVT.
Govt. License 290/059/60
Shuberna Shamsher Marg, Ward No. 4, Baluwatar, Kathmandu, Nepal
Tel: +977-1-4531239, 4532999, Email : info@npajobs.com, Web : www.npajobs.com



## बहराइनमा वैदेशिक रोजगारको अवसर
कम्पनी : AMBIKA RESTAURAN

पूर्व स्वीकृति मिति २०८१/०४/०७ | LT. No. 307702 | चलानी नं. ६०२२२७७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Workers | 3 | 0 | 120 | ४२,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन २५ गते (9th Aug 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Paradeshi Overseas Services Pvt. Ltd.
Govt. License 387/059/060
Kathmandu Metropolitan-7, Mitrapark Umakunda Marga, Nepal, Tel: +01-5914513
Email: info@paradeshioverseas.com.np & paradeshiservices@gmail.com, Website: www.paradeshioverseas.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर
कम्पनी : QIMMA SHAR TRADING COMPANY IS A ONE PERSON COMPANY WITH LIMITED LIABILITY

पूर्व स्वीकृति मिति २०८०/०७/१९ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/१७ | LT. No. 294500 | चलानी नं. ६०२२१०८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 4 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन २५ गते (9th Aug 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RECENT JOB PLACEMENT PVT. LTD
श्रम इजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com



## साउदीमा वैदेशिक रोजगारको अवसर
कम्पनी : WATAN FIRST CO. FOR HUMAN RESOURCES

पूर्व स्वीकृति मिति २०८१/०४/१६ | LT. No. 308230 | चलानी नं. ६०२२२८८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 30 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन २५ गते (9th Aug 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Target Consultant Human Resources Pvt. Ltd.
श्रम इजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

# प्रभाव दैनिक



## सलमान खानलाई मार्न २० लाख भारू सुपारी

गएको अप्रिलमा बलिउड अभिनेता सलमान खानको घरमा गोलीबारी भयो । त्यसयता सो घटनाबारे नयाँ नयाँ खुलासा भइरहेका छन् । मोटरसाइकलमा आएका दुई व्यक्तिले जुलाई १४ को बिहानै बान्द्रास्थित सलमानको ग्यालेक्सी अपार्टमेन्टमा कयौँ राउन्ड गोली चलाए । मुम्बई पुलिसले यस मामिलामा पत्याउनै नसक्ने खुलासा गरेको छ । प्रहरीका अनुसार ग्याङ्स्टर लरेन्स विश्नोईले सलमान खानलाई मार्न २० लाख भारूको सुपारी दिएका थिए । यो कामका लागि उनले ६ जना गुन्डा पठाएका थिए ।





# शास्त्रीय संगीतका गुरु गुरुदेव कामतको निधन



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली शास्त्रीय सङ्गीत क्षेत्रका परिचित व्यक्तित्व गुरुदेव कामतको ६९ वर्षको उमेरमा बिहीबार निधन भएको छ । केही महिनादेखि मिर्गौलामा समस्या देखिएपछि काठमाडौँमा उपचार गराई रहेका उनी आर्थिक समस्याका कारण थप उपचार गर्न नसकेर जन्मथलो सिरहाको पोखरभिन्डा फर्किएका थिए ।

दुई साताअघि जन्मथलो फर्किएका उनले लहानस्थित अस्पतालमा डायलासिस गराई रहेका थिए । गुरुदेव निकट मानिने कवि मुकुन्द पौडेलका अनुसार पछिल्ला दिनमा उनको स्वास्थ्य अवस्था बिग्रँदै गएको र तीन दिन अगाडिदेखि खाना खानसमेत छाडेका थिए ।

उनले भने, "गुरुदेवले तीन दिनदेखि केही खान सक्नुभएको थिएन । उहाँलाई चम्चामार्फत केही सामान्य झोलिलो खानेकुरा खुवाइएको थियो । केही समयअघि काठमाडौँ छाडेर उहाँ जन्मथलो फर्किनुभएको थियो । जहाँ उहाँको जन्म भयो, त्यहीँ अन्त्य भयो ।"

साहित्यकार पौडेलसँगै कलाकार राधेश्याम विश्वकर्मा, गायक प्रभात सागरलगायतले गुरुदेवको मिर्गौला फेर्न आर्थिक समस्या भएको थाहा पाएपछि सहयोग जुटाउन पहल गरिरहेका थिए । दिवङ्गत भएका कामतका श्रीमती, तीन छोरा र एक छोरी छन् । उनको अन्त्येष्टि गाउँमै गरिने साहित्यकार पौडेलले जानकारी दिए । शास्त्रीय सङ्गीतका गुरु कामत नेपाल-भारत क्षेत्रमा प्रख्यात रहेका छन् ।

# ट्रेलरमा यस्तो देखियो महिलाको कथामा बनेको 'सतीदेवी'

■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म 'सतीदेवी'को ट्रेलर सार्वजनिक गरिएको छ । बिहीबार राजधानीमा आयोजित एक कार्यक्रमका बिच फिल्मको ट्रेलर सार्वजनिक गरिएको हो । महिलाको विषयमा निर्माण भएको फिल्मको ट्रेलरमा पनि महिला सशक्तीकरणको सन्देश नै समेटिएको छ ।

कार्यक्रममा निर्देशक लक्ष्मण सुवेदीले 'सतीदेवी' अहिले बजारमा आएको भन्दा भिन्न र उत्कृष्ट फिल्म भएको दाबी गरे । फिल्मले महिलाको विषयमा समाजमा भएको भ्रम चिर्न सन्देश दिने उनको भनाइ छ । सुवेदीले आफूले समाजमा देखेको र भोगेको कथावस्तुलाई फिल्ममा उतारेको सुनाए । यसअघि विभिन्न अवार्डमा समेत फिल्मले उत्कृष्ट अवार्ड हात पारिसकेको छ ।

कार्यक्रममा फिल्मको शीर्ष भूमिकामा रहेकी अभिनेत्री मलिका महतले फिल्मको कथा आफ्नो भूमिका सशक्त लागेर अभिनय गरेको बताइन् । फिल्मले समाजमा एक किसिमको चेतना बाँड्ने उनको धारणा रहेको थियो ।



फिल्ममा मलिकाको अलवा सन्दीपबाबु लोहनी, रमेश बुढाथोकी, कुलदीप अधिकारी, भोलाराज सापकोटा र बाल कलाकार हर्षिका वली र मन्जिला बानियाँको अभिनय छ । निर्देशक लक्ष्मणकै लेखन, गीत, निर्माण समेत रहेको फिल्म गोल्डेन स्टेट मुभी मेकर्स एलएलसी क्यालिफोर्नियाको सहकार्यमा दिलासा क्रिएसनको प्रस्तुतिमा श्रीदेवी सुवेदीले बनाएकी हुन् ।

भदौ ७ गतेदेखि सार्वजनिक प्रदर्शनको तयारीमा रहेको फिल्मले सौराह दक्षिण एसियाली फिल्म फेष्टिभलमा सर्वोत्कृष्ट फिल्म, शिव रेग्मी सर्वोत्कृष्ट निर्देशक तथा तेस्रो नेपाल ग्रामीण फिल्म फेष्टिभलमा सर्वोत्कृष्ट फिल्म, सर्वोत्कृष्ट स्क्रिप्ट र सर्वोत्कृष्ट अभिनेत्री जुरी मेन्सन अवार्ड जितेको थियो ।

# 'सानो संसार' घटस्थापनामा प्रदर्शन हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म 'सानो संसार' आगामी असोज १७ गते घटस्थापनाबाट प्रदर्शनमा आउने भएको छ । निर्माता अर्जुन कुमारले फिल्मको एक पोष्टर सार्वजनिक गर्दै फिल्मको प्रदर्शन जानकारी दिएका हुन् ।

पोस्टरका साथ उनले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्, 'सानो संसार, ठुलो आशा ।' पारिवारिक कथावस्तुमा बनेको यो फिल्मबाट हास्य कलाकार केदार घिमिरे 'माग्नेबुढा'की श्रीमती सीतादेवी तिमल्सेनाले



डेब्यु गरेकी छन् । फिल्ममा उनलाई गृहणीको रोलमा देख्न सकिन्छ । पारिवारिक कथावस्तुमा बनेको फिल्ममा सीतादेवीलाई गृहणीको रोलमा देख्न सकिन्छ । फिल्ममा सीताका अलवा राज पंगेनी शर्मा, अनु दाहाल, अन्जसा रिजाल, शिशिर सिवाकोटीको अभिनय छ । यी सबै कलाकारले नेपाली रजतपटमा डेब्यु गर्दैछन् ।

फिल्मको छायांकन काठमाडौँ, धादिङ र नुवाकोटमा गरिएको छ । अर्जुन कुमार फिल्मस् र राजधानी मिडिया एड प्रोडक्सनको ब्यानरमा 'सानो संसार' सिद्धार्थ पुडासैनीले निर्देशन गरेका हुन् । सिद्धार्थले यही फिल्मबाट निर्देशनमा डेब्यु गरेका हुन् । फिल्मको लेखन समेत निर्देशक पुडासैनीको छ ।

# नारायणको 'तिमीलाई नै' सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** लामो समयदेखि नेपाली सांगीतिक क्षेत्रमा सकृय एक संगीत साधक नारायण थापाको स्वर र संगीतमा आधुनिक गीत 'तिमिलाई नै' को भिडियो सार्वजनिक भएको छ ।

पत्रकार डब्बु क्षेत्रीको शब्द रचना रहेको उक्त गीतको भिडियो आखाले हेर्ने भन्दा पनि मन मष्तिस्कले रुचाउने रहेको छ । शब्द, संगीत र स्वरको तालमेलसंगै संगीत संयोजन उत्कृष्ट रहेको छ । कलाकार यसराज गराच र प्रतिक्षा



काफ्लेको अभिनय रहेको तिमिलाई नैबाट आत्मसन्तुष्टि मिलेको गायक तथा संगीतकार नारायण थापा बताउँछन् ।

तिमिलाई नै को भिडियोमा कृष्ण रसालको कोरियोग्राफर, वीरेन्द्र भाट 'विपिन'को सम्पादन, प्रविण सुवेदीको छायांकन र डब्बु क्षेत्रीको निर्देशन रहेको छ । एक पछि अर्को सांगीतिक सिर्जना श्रोता माझ पस्कदै आईरहेका गायक, संगीतकार नारायण थापाका आधा दर्जन गीतको भिडियो निर्माणको क्रममा रहेको छ ।



## काभा वुमन्स नेसन्स भलिबल

# नेपालको शानदार शुरुवात



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालले काठमाडौँमा आजदेखि शुरु भएको काभा वुमन्स नेसन्स भलिबल लिगमा विजयी शुरूआत गरेको छ । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा बिहीबार भएको उद्घाटन खेलमा नेपालले श्रीलंकालाई ३-० को सोझो सेटमा पराजित गरेको हो ।

नेपालले पहिलो सेट २५-१९ ले जितेको थियो भने त्यसपछिका दुई सेट समान २५-१८ ले जितेको थियो ।

नेपालले अब अर्को खेल शनिबार भारतको सामना गर्ने छ । यो खेल अपराहन्न ३ बजेदेखि शुरु हुने छ । त्यस्तै नेपालले आफ्नो तेस्रो खेल आइतबार साँझ ५: १५ बजेदेखि इरानसँग खेल्ने छ । त्यस्तै नेपालले आफ्नो लिगचरणको अन्तिम खेल सोमबार ५; १५ बजेदेखि माल्दिभ्सविरुद्ध खेल्ने तालिका रहेको छ ।

बिहीबारको खेलमा तीन अंक जोडेपछि नेपाली टोली उत्साहित छ । कप्तान अरुणा शाही भन्छिन्, 'हामीले पछिल्लो पटक खेल्दा बेस्ट अफ ५ खेलेर जितेका थियौं, यो पालि सोझो सेट हराउँदा एकदमै खुसी छौं ।'

यसअघि सन् २०२१ मा बंगलादेशमा भएको काभा वुमन्स च्यालेन्ज कपमा श्रीलंकालाई नेपालले ३-२ को सेटमा पराजित गरेको थियो । कप्तान शाहीले आजको खेलको तेस्रो सेटमा सेटिङमा केही गल्ती भएका कारण श्रीलंकाले अग्रता लिएको बताइन् । 'तेस्रो सेटमा मेरो सेटिङ मिस्टेक भयो । तेस्रो सेटमा मेरो हातबाट बल चिप्लिरहेको थियो । जम्प पास गर्दा पनि मिस्टेक भयो । पछि हामीले सेटर चेन्ज गरेपछि खेलमा फर्कियौं', उनले भनिन् ।

प्रशिक्षक जगदिश भट्ट पनि यो जितले नेपाली टिममा उत्साह थपेको बताउँछन् । खेलमा सबै खेलाडीले आफ्नो तर्फबाट उत्कृष्ट प्रदर्शन गरेको उनले बताए । 'प्रशिक्षकको रूपमा मैले जस्तो सोचेको थिएँ त्यस्तै खेल खेलाडीले खेले', भट्टले भने ।

बिहीबारको खेलमा सुमित्रा रेग्मी र आरती सुवेदीले आधिकारिक रूपमा ठूलो प्रतियोगितामा डेब्यू गरे । पहिलो खेलमा नै उनीहरूले उत्कृष्ट प्रदर्शन गरेको प्रशिक्षक जगदिश भट्टले बताए ।

### भारतले इरानलाई हरायो

बिहीबार भएको दोस्रो खेलमा भारतले इरानलाई पराजित गरेको छ । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा भएको खेलमा भारतले इरानलाई ३-१ को सेटमा पराजित गरेको हो । खेलको पहिलो र दोस्रो सेट भारतले २५-२० र २५-१८ ले आफ्नो पक्षमा पारेको थियो । तेस्रो सेटमा इरानले पुनरागमन गर्दै २५-१९ ले खेल जित्यो । त्यसपछिको सेटमा इरानलाई २५-१० ले पराजित गरेपछि भारतको जित पक्का भयो ।

# रोमनको २ गोलले थ्रीस्टार विजयी

■ प्रभाव संवाददाता

**काठमाडौं–** जावलाखेल युथ क्लबलाई पराजित गर्दै ललित स्मृति एन्फा यु-१८ युथ लिगमा थ्री स्टार क्लबले दोस्रो जित हासिल गरेको छ । थ्री स्टार १५ मिनेटभित्रै दुई गोल गर्न सफल भएको थियो । ती दुवै गोल रोमन श्रेष्ठले गरेका हुन् ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा भएको दोस्रो खेलमा महेश दर्लामीले दिएको लामो पासलाई जावलाखेलका डिफेन्डर ग्रेमन श्रेष्ठ र गोलरक्षक विकाश विष्टले रोक्ने प्रयास गरेका थिए । तर, उनीहरू सफल नहुँदा डी बक्स लाइनबाट बाहिरिन लागिसकेको बललाई नियन्त्रणमा लिँदै रोमन गोल गर्न सफल भए ।




उनले गरेको प्रहार जावलाखेलका समीर दर्लामीको खुट्टामा डिफेल्क्ट हुँदै गोलमा परिणत भयो ।त्यसको चार मिनेटपछि नै जावलाखेलका प्रशान्त तामाङले अर्को गल्ती गर्न पुगे ।

बल लिएर अगाडी बढ्दै गरेका रोमनलाई रोक्ने क्रममा जर्सीमा तानेको भन्दै रेफ्री दीपक श्रेष्ठले फ्रिकिक दिए । डी बक्सनजिकबाट रोमनले फस्ट बार च्याप्दै प्रहार गरेको बललाई गोलरक्षक विकाशले बचाउने प्रयार गरेपनि सफल हुन सकेनन् ।

हारसँगै जावलाखेलले दुई स्थान सुधार गर्ने मौका गुमाएको छ । जावलाखेलको ६ खेलबाट पाँच अंक रहेको छ । समान खेलबाट सात अंक जोडेको थ्री स्टार जावलाखेललाई उछिन्दै सातौं स्थानमा पुगेको छ । जावलाखेल भने छैटौं स्थानमा झरेको छ ।


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, पोखरा, कास्की

सडक डिभिजन बागलुङ

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति २०८१/०४/१८

यस सडक डिभिजनको मिति २०८१/०१/३१गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं. ०४-०८०/८१(१)अनुसारको ठेक्का नः RDBLG/337011694/080/81-10 को लागि पेश भएका बोलपत्रहरु मुल्यांकन गर्दा तपशिलको बोलपत्र सारभुत रुपमा प्रभावग्राहि न्युनतम मुल्यांकित ठहरिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) तथा सोही ऐन को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नंम्बर | छनौट भएको बोलपत्रदाताको नाम | कबोल अंक (मु. अ. कर बाहेक र P.S सहित ) |
|---|---|---|
| RDBLG/337011694/080/81-10 | M/S Nimble/Kripesh JV, Pokhara-26, Kaski | NRs. 25556120.85 |

डिभिजन प्रमुख



दक्षिणपश्चिम चीनको सिचुआन प्रान्तको गार्जेस्थित तिब्बती स्वायत्त प्रान्त लिटाङ काउन्टीमा आयोजित घोडा दौड प्रतियोगितामा आफ्नो कला प्रदर्शन गर्दै एक राइडर । लिटाङ काउन्टीमा मंगलबारदेखि घोडा दौड प्रतियोगिता सुरु भएको छ, जसमा काउन्टीभरका झण्डै एक हजार जनालाई सहभागी गराइने बताइएको छ । *तस्बिरः सिन्ह्वा*

# बंगलादेश प्रशासनले छाड्यो पक्राउ परेका विद्यार्थी नेता

**ढाका–** बंगलादेशमा निजामती सेवामा जागिरको आरक्षण प्रणालीको विरोधमा भएको आन्दोलनका क्रममा पक्राउ परेका विद्यार्थी नेतालाई प्रहरीले बिहीबार रिहा गरेको छ ।

देशव्यापी आन्दोलनका कारण गत महिना प्रधानमन्त्री शेख हसिनाको १५ वर्षे कार्यकालको सबैभन्दा खराब समय बन्न पुगेको थियो ।

प्रहरी र अस्पतालबाट एएफपीले पुष्टि गरेको तथ्यांकअनुसार विद्यार्थीले गत महिना देशव्यापी ऱ्याली निकालेका थिए, जसमा प्रहरीको दमन र २०६ जनाको मृत्यु भएको थियो । डेपुटी कमिस्नर जुनैद आलम सरकारले भने, 'आरक्षण प्रणालीविरूद्धको आन्दोलनका सबै छ जना संयोजकलाई बिहीबार दिउँसो उनीहरूको परिवारको जिम्मा लगाइएको छ ।'

नाहिदका पिता बदरुल इस्लामले एएफपीसँग कुरा गर्दै छोरा बिहीबार दिउँसो घर फर्केको पुष्टि गरे तर उनीबारे थप विवरण भने दिन अस्वीकार गरे । प्रमुख नेता नाहिद इस्लाम र अन्य दुई जनालाई गत शुक्रबार राजधानी ढाकाको एक अस्पतालबाट सादा पोसाकका गुप्तचरहरूले जबर्जस्ती डिस्चार्ज गरी अज्ञात स्थानमा लगेका थिए । त्यसपछिका दिनहरूमा अन्य तीन जनालाई हिरासतमा लिइएको थियो । सरकारले उनीहरूलाई आफ्नो सुरक्षाका लागि हिरासतमा राखिएको बताएको थियो ।

न्यायमन्त्री अनिसुल हकले बिहीबार एएफपीसँग कुरा गर्दै छ जनाले स्वेच्छाले प्रहरी हिरासतमा बस्न चाहेको बताएका छन् । उनले



भने, 'उहाँहरू स्वेच्छाले आउनुभएको थियो । उहाँहरू स्वयंले आफू जान चाहेको बताएपछि घर फर्कन अनुमति दिइएको छ ।'

आन्दोलन चर्किएपछि हसिना सरकारले सेना तैनाथ गरेर कर्फ्यु लगाएको थियो । कूल १७ करोड जनसंख्या भएको देशभरि ११ दिनसम्म मोबाइल इन्टरनेट नेटवर्क बन्द गरिएको थियो भने अदालतले आरक्षण प्रणालीबारे अर्को महिना गर्ने तयारी गरेको फैसला केही दिन पहिले गरेको थियो ।

स्थानीय सञ्चारमाध्यमका अनुसार अशान्तिका कारण १० हजारभन्दा बढी मानिसलाई पक्राउ गरिएको छ । स्टुडेन्ट्स अगेन्स्ट डिस्क्रिमिनेसनका अन्य सदस्यहरूले प्रदर्शनमा रोक लगाएपछि यसै हप्ता बंगलादेशका वरिपरिका सहरहरूमा साना र छरिएका विरोध प्रदर्शनहरू फेरि सुरु भएका छन् । सरकारले आफ्ना नेतालाई रिहा गर्न सोमबार दिएको समयसीमालाई बेवास्ता गरेपछि उनीहरूले आफ्नो अभियान पुनः सुरु गर्ने प्रतिबद्धता जनाएका थिए । विद्यार्थी नेताको रिहाइपछि अब आन्दोलन जारी रहन्छ वा स्थगित गरिने छ यसबारे विद्यार्थी समूहबीच छलफल हुन बाँकी नै छ ।

'उनीहरूलाई हिरासतमा राख्नु स्वेच्छाचारी र गैरकानुनी थियो,' ओस्लो विश्वविद्यालयका अनुसन्धाता मुबशर हसनले एएफपीसँग भने, 'राष्ट्रिय र अन्तर्राष्ट्रिय आलोचना बढिरहेको छ ।' उनले नेताहरूको रिहाइले सरकार आन्दोलनसँग 'तनाव कम गर्न' खोजिरहेको संकेत गरेको बताए ।

गत महिना सबै सरकारी जागिरको आधाभन्दा बढी हिस्सा निश्चित समूहका लागि आरक्षित गर्ने कोटा योजनाको पुनः लागू गरिएको विरोधमा प्रदर्शनहरू भएका थिए । सरकारी आँकडाअनुसार करिब एक करोड ८० लाख युवा बंगलादेशीहरू बेरोजगार रहेका समय सरकारले लिएको आरक्षणसम्बन्धी यो कदमले गम्भीर रोजगारी संकटको सामना गरिरहेका स्नातकहरूलाई गम्भीर दुःखी बनाएको छ । आलोचकहरूले यो आरक्षण सत्तारुढ अवामी लिगका वफादारहरूलाई सार्वजनिक जागिरमा भर्ना गर्न प्रयोग गरिएको आरोप छ । *रासस/एएफपी*

# नयाँ प्रतिद्वन्द्वी ह्यारिसविरूद्ध चुनावी रणनीति तयार पार्दै ट्रम्प

**वासिंटन–** अमेरिकी राष्ट्रपतीय निर्वाचनमा १०० दिनभन्दा कम समय बाँकी रहँदा उम्मेदवार डोनाल्ड ट्रम्प आफ्नो नयाँ प्रतिद्वन्द्वी कमला हचारिसलाई मध्यनजर गर्दै चुनावी रणनीति बदल्न बाध्य भएका छन् ।

जुलाई २१ मा अमेरिकी राष्ट्रपति जो बाइडेनले उपराष्ट्रपति हचारिसलाई डेमोक्रचाटिक उम्मेदवारको रूपमा समर्थन गर्दै आफ्नो उम्मेदवारी फिर्ता लिएपछि रिपब्लिकनको रणनीति उथलपुथल भएको हो ।

ट्रम्पले ८१ वर्षीय बाइडेनको स्वास्थ्यलाई आफ्नो राजनीतिक रणनीति बनाउँदै उनलाई कमजोर वृद्धको रूपमा चित्रण गरेका थिए । अब उनले आफूभन्दा लगभग दुई दशक कान्छी पहिलो अश्वेत, महिला र दक्षिण-एसियाली मुलको नितान्त फरक उम्मेदवारको सामना गर्ने छन् ।

उम्मेदवारको परिवर्तनले ट्रम्प र रिपब्लिकनहरूलाई आफ्नो रणनीति द्रूतरूपमा



परिवर्तन गर्न बाध्य पारेको छ । अहिलेसम्म उनले आफ्नो नयाँ प्रतिद्वन्द्वीलाई 'लाइङ कमला,' 'लाफिङ कमला' र 'क्रेजी कमला' का रूपमा वर्णन गरेका छन् । गत हप्ता उत्तरी क्यारोलिनामा आयोजित समारोहमा गर्भपतनको विषयमा हचारिसको गलत व्याख्या गर्दै ट्रम्पले अमेरिकी उपराष्ट्रपतिलाई 'बच्चाको मृत्युदण्ड' को पक्षमा रहेको झूठो आरोप लगाएका थिए ।

चुनावी अभियानअन्तर्गत ट्रम्प बुधबार अश्वेत समुदायले सामना गर्ने समस्याको विषयमा अफ्रिकी-अमेरिकी पत्रकारहरूसँग छलफल गर्न शिकागो पुगे । बिहीबार उनले पेन्सिलभेनियामा एउटा अभियान ऱ्याली आयोजना गरे । चुनावी कार्यक्रमकै सिलसिलामा ट्रम्प शनिबार एटलान्टा र जर्जिया पुग्ने छन् ।

अमेरिकी सञ्चारमाध्यमले राष्ट्रपतीय दौडमा हचारिसको प्रवेश रिपब्लिकनका लागि 'कडा चुनौती' भएको वर्णन गरेका छन् । हालैका दिनमा चुनावी अभियानका लागि विस्कन्सिन, जर्जिया र इन्डियाना पुगेकी हचारिसले बुधबार साँझ टेक्सासको हचुस्टनमा अफ्रिकी-अमेरिकी विद्यार्थीहरूको भेलालाई सम्बोधन गरेकी थिइन् । *रासस/एएफपी*

# ब्याजदर वृद्धिपछि जापानमा येनको मूल्य बढ्यो

**हङकङ–** बैंक अफ जापानले १७ वर्षमा दोस्रोपटक ब्याजदर बढाएपछि बुधबार डलरको तुलनामा येनको भाउ बढेको छ भने एसियाको सेयरबजारमा अमेरिकी ऋण लागत घट्ने आशा बढेको छ । एक दशकभन्दा बढी समयदेखि अस्थिर अर्थतन्त्रलाई चलायमान बनाउन र मुद्रास्फितिलाई स्थिर बनाउन अति-शिथिल मौद्रिक नीति अपनाएको बैंक अफ जापानले बैंकहरूको लक्ष्यभन्दा माथिको दरमा मूल्यवृद्धि भइरहेको अवस्थामा यस वर्ष आफ्नो ध्यान ब्याजदर वृद्धिमा केन्द्रित गरेको छ । सन् २००७ पछि पहिलोपटक गरिएको यो वृद्धि मार्च महिनामा शून्यदेखि ०.१ प्रतिशतको हाराहारीमा पुगेको छ । जापान ऋणात्मक दरको लामो समयदेखि चलेको अभियानबाट पछि हटेको हो । बुधबारको निर्णयले यो ०.२५ प्रतिशतमा झरेको छ ।

धेरै टिप्पणीकारहरूले यस महिना बैंक धराशायी हुने भविष्यवाणी गरेका थिए, तर जापानका नवनियुक्त शीर्ष विदेशी विनिमय अधिकारीले कमजोर येनको फाइदा अवगुणभन्दा बढी भएको बताएका थिए । 'येनको हालैको अवमूल्यनको फाइदा र बेफाइदा दुवै छ, तर अवगुणहरू अझ उल्लेखनीय हुँदै गएका छन्,' उच्च ऊर्जा र खाद्य मूल्यहरूको साथसाथै आयातकर्ताहरूमा प्रभावलाई संकेत गर्दै विदेशी विनिमय अधिकारी अत्सुशी मिमुराले सोमबार एक साक्षात्कारमा ब्लुमबर्गसँग भने । जुलाईको सुरुमा येनको एकाइले लगभग चार दशकको सबैभन्दा कम प्रतिडलर १६२ को नजिक पुगेको केही हप्तापछि आएको हो । *रासस/एएफपी*

# मध्यपूर्वका सबै पक्षलाई 'उत्तेजक कार्य रोक्न' अमेरिकी विदेशमन्त्रीको आग्रह

**उलानबाटार, मंगोलिया–** मध्यपूर्वका 'सबै पक्ष'लाई गाजामा 'बढ्दो गतिविधि' रोक्न र युद्धविराम गर्न अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले बिहीबार आग्रह गरेका छन् ।

इरानले इजरायलमाथि आरोप लगाएको तेहरानमा भएको आक्रमणमा हमासका राजनीतिक प्रमुख इस्माइल हानियाको मृत्यु भएपछि अमेरिकी कूटनीतिज्ञको यो भनाइ आएको हो । इजरायलले लेबनानको राजधानी बेरुतमा गरेको जवाफी कारबाहीमा हिजबुल्लाहका एक शीर्ष कमाण्डर मारिएको बताएको केही घण्टापछि इस्माइल हनियाको मृत्यु भएको थियो ।

सिरिया, लेबनान, इराक र यमनमा इरान समर्थित लडाकु समूहमा जारी द्वन्द्व र गाजामा जारी युद्धका कारण क्षेत्रीय तनाव चर्किरहेका बेला यी हत्याहरू भएका हुन् । इजरायलले तेहरानको आक्रमणबारे टिप्पणी गर्न अस्वीकार गरेको छ । मंगोलियाको राजधानीमा बोल्दै उच्च अमेरिकी कूटनीतिज्ञ ब्लिन्केनले मध्यपूर्व द्वन्द्व, हिंसा, पीडा र थप असुरक्षाको दिशामा अघि बढिरहेको बताएका हुन् ।

ब्लिन्केनले मंगोलियन समकक्षीसहित गरेको पत्रकार सम्मेलनमा हिंसाको अन्त्य युद्धविरामबाट सुरु हुने र यसका लागि काम गरिरहेको जानकारी दिए । उनले भने, 'युद्धविराम र शान्तिका लागि सबैभन्दा पहिले सबै पक्षसँग कुरा गर्न, कुनै पनि आक्रामक कदम चाल्न बन्द गर्न र द्वन्द्वरत पक्ष सहमतिमा आउने कारणहरू खोज्न आवश्यक छ ।'

बुधबार सिंगापुरमा ब्लिन्केनले प्यालेस्टिनी इस्लामिक आन्दोलनका नेताको मृत्युबारे प्रत्यक्षरूपमा टिप्पणी गरेका थिएनन् । इजिप्ट र कतारसँग मिलेर संयुक्त राज्य अमेरिकाले नेतृत्व गरिरहेको गाजामा सम्भावित युद्धविराममा हनियाको हत्याले पार्ने प्रभावबारे कुनै टिप्पणी गर्न उनले अस्वीकार गरे । *रासस/एएफपी*

# सामसङका कर्मचारी पुनः आन्दोलित

**सियोल–** सामसङ इलेक्ट्रोनिक्सका दक्षिण कोरियाली युनियनका नेता तथा सदस्यले बिहीबार तलब तथा सुविधा वृद्धिका लागि माग गर्दै विरोध प्रदर्शन गरेका छन् । नयाँ वार्ता असफल भएपछि उनीहरूले कम्पनी अध्यक्ष र उत्तराधिकारीको घरमा घेराउ गरेका हुन् । युनियनले जुलाईमा पनि तलब तथा सुविधा वृद्धिका लागि माग गर्दै हडताल गरेका थिए । उक्त समूहले सोही आन्दोलनलाई स्वरूप बदलेर 'अनिश्चितकालका लागि' विस्तार गरेको थियो ।

आन्दोलित कामदारहरूले यस हप्ताको सुरुमा उत्पादन मेसिन अवरूद्ध गरे पनि दोस्रो त्रैमासिकमा नाफामा भएकाले सेमिकन्डक्टर प्रशोधनमा ढिलाइ भए पनि प्रभाव तत्काल नहुने सनल सामसङ इलेक्ट्रोनिक्स युनियन (एनएसइयू) का उपाध्यक्ष ली हचुन-कुकले बताए ।

युनियनले बुधबार व्यवस्थापनसँग अन्तिम वार्ता गरेको तर सहमतिमा पुग्न नसकेपछि आन्दोलनको घोषणा गरेको थियो । सामसङ इलेक्ट्रोनिक्सको हडतालका लागि ली जे योङ जिम्मेवार हुनुपर्छ भन्ने पोस्टर बोकेका युनियनका अधिकारीहरू बिहीबार सामसङका अध्यक्ष ली जे योङको घरबाहिर भेला भई प्रदर्शन गरेका थिए । युनियनले कम्पनीले हडतालमा सहभागीको 'कालोसूची' सिर्जना गर्नेसहित अवैध माध्यमबाट हडताल तोड्न खोजिरहेको युनियनका प्रमुख सोन वु मोकले बताए ।

यसैबीच सामसङले बुधबार श्रमिक युनियन हडताल चाँडै समाप्त भएको सुनिश्चित गर्न सञ्चार र छलफल गरिरहेको र ग्राहकको प्रतिक्रिया दिन कुनै समस्या नभएको जनाएको छ । आन्दोलनरत नेसनल सामसङ इलेक्ट्रोनिक्स युनियनमा कम्पनीको एक चौथाइ अर्थात् करिब ३६ हजार सदस्य रहेका दाबी गरिएको छ । कम्पनीमा श्रम संगठन गर्न बर्जित गरिएको छ । दुई वर्षअघि युनियनले लीको निवास अगाडि प्रदर्शन गरी तीनवटा थप बिदाहरू थप्न सफल भएको थियो । *रासस/एएफपी*


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INTEGRATED PARKING SERVICES LLC

पूर्व स्वीकृति मिति २०८०/१०/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/१७ | LT. No.299036 | चलानी नं.६०२१३७९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ticket Collector | 37 | 0 | 1000 | ३६,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन २५ गते (9th Aug 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०१८/०६८/०६९

**Green Tara International Overseas Services Pvt. Ltd.**
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ROBOUA AL-SUMMAN FUEL CORPORATION

पूर्व स्वीकृति मिति २०८१/०४/१७ | LT. No. 308334 | चलानी नं. ६०२२३०००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Euipment | 3 | 0 | 2500 | ८९,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Drivers | 5 | 0 | 1800 | ६३,८९० | | | | | | | |

कम्पनी : ABDUL LATIF SAUD AL-HUMAIN LOGISTICS COMPANY ONE PERSON

पूर्व स्वीकृति मिति २०८१/०४/१७ | LT. No. 308333 | चलानी नं. ६०२२३००१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 6 | 0 | 1800 | ६३,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SAMI AND MOAZ ABDULRAHMAN AL-LUHAIDAN COMPANY FOR TRADING, CONTRACTING AND TRANSPORT

पूर्व स्वीकृति मिति २०८१/०१/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/१७ | LT. No. 304115 | चलानी नं. ६०२१८८९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 22 | 0 | 1800 | ६३,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन २५ गते (9th Aug 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम ईजाजत नं. १८५/०५७/०५८

**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407, Mobile: 9851324457, 9823299605
E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ELITE GLORY ESTABLISHMENT FOR OPERATION AND MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८१/०४/१७ | LT. No. 308058 | चलानी नं. ६०२२२९७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loader & Unloader | 10 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

कम्पनी : AIN AL MANAL FOUNDATION BUSINESS SERVICES

पूर्व स्वीकृति मिति : २०८१/०४/१७ | LT. No. 308267 | चलानी नं. ६०२२२९७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Cleaners | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन २५ गते (9th Aug 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**TESLA OVERSEAS PVT.LTD.**
Govt. License 1638/080/81
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-5920966, 5920965
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १४९४०० | प्रति तोला - १३७४५० | प्रति तोला - १८०० |



**सुर्खेतमा प्याराग्लाइडिङ** | सुर्खेतको वीरेन्द्रनगर नगरपालिका वडा नं १४ गोठीकाँडाबाट प्याराग्लाइडिङ गर्दै पर्यटक ।

*तस्बिर: सुरेश आचार्य/रासस*

# वीरगञ्जबाट मात्रै २ हजार बढी सवारी आयात

■ प्रभाव संवाददाता

**वीरगञ्ज** - गत आर्थिक वर्षमा वीरगञ्ज भन्सार कार्यालय विद्युतीय सवारी साध( नभन्दाको तुलनामा इन्धनबाट चल्ने धेरै सवारीसाधन आयात हुने भएको छ । वीरगञ्ज भन्सार कार्यालयका अनुसार गत आवमा नाका हुँदै एक हजार चार सय ३५ वटा इन्धनबाट चल्ने जीप, कार र भ्यानहरू आयात भएकामा सोही अवधिमा यो नाका हुँदै पाँच सय ११ वटा विद्युतीय सवारी आयात भएको देखिएको छ ।

वीरगञ्ज भन्सार कार्यालय हुँदै गत आवमा रु दुई अर्ब १९ करोड ८९ लाख ९९ हजार बराबरका इनधनबाट चल्ने एक हजार चार सय ३५ वटा जीप, कार र भ्यान आयात भएका छन् । ती सवारीसाधन आयात हुँदा भन्सार कार्यालयले रु चार अर्ब ९६ करोड ९२ लाख १८ हजार राजस्व आम्दानी गरेको छ । आव २०७९/८० मा भने यो कार्यालय हुँदै रु एक अर्ब ७८ करोड ८७ लाख ६७ हजार मूल्य बराबरको एक हजार एक सय ४९ वटा जीप, कार र भ्यानहरू आयात भएका थिए । ती सवारीसाधन आयात हुँदा राज्यले चार अर्ब नौ करोड ५९ लाख १३ हजार राजस्व आम्दानी गरेको थियो । आव २०७९/८० को तुलनामा आव २०८०/८१ मा दुई सय ८६ वटा बढी इन्धनबाट चल्ने जीप, कार र भ्यानहरू आयात भएको छ ।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीले आव २०७९/८० को तुलनामा आव २०८०/८१ मा सवारीसाधनको आयात घट्दा पनि लक्ष्य अनुसारको राजस्व पछ्याउन नसकिएको बताए । 'गत आवमा आर्थिक मन्दी र सवारीसा( धनको आयातमा कमी हुँदा राजस्व संकलनमा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ', उनले भने ।

आव २०८०/८१ मा रु एक अर्ब १४ करोड ५० लाख ६७ हजार मूल्य पर्ने पाँच सय ११ वटा विद्युतीय जीप, कार र भ्यान आयात भएका छन् । ती सवारीसाधन आयात हुँदा कार्यालयले रु ५८ करोड १३ लाख १३ हजार मात्रै राजस्व संकलन गरेको छ ।

कार्यालय काअनुसार आव २०७९/८० मा यो भन्सार कार्यालय हुँदै रु एक अर्ब ५३ करोड मूल्य पर्ने तीन सय ९६ वटा विद्युतीय जीप, कार र भ्यान आयात भएका थिए ।सो आवमा यो कार्यालयले भन्सारवापत रु ६० करोड ८८ लाख ६२ हजार संकलन गरेको छ।

आव २०८०/८१ मा रु ३५ करोड ३८ लाख ४० हजार मूल्य पर्ने दुई सय ४० वटा डबल क्याव पीकअप सवारी आयात भएको थियो । सो गाडी आयात हुँदा ५९ करोड ८४ लाख ४१ हजार राजस्व संकलन भएको थियो । जबकी आव २०७९/८० मा भने एक अर्ब १० करोड १३ लाख मूल्य पर्ने सात सय ७५ वटा डबल क्याव पीकअप गाडी आयात भएको थियो । ती गाडी आयात हुँदा राजस्व भने रु एक अर्ब ५५ करोड ४३ लाख १९ हजार संकलन भएको थियो । संख्यात्मक रूपमा हेर्दा आव २०७९/८० को तुलनामा गत आवमा पाँच सय ३५ वटा कम आयात भएको थियो ।

आव २०८०/८१ मा रु २७ करोड ४४ लाख ८९ हजार मूल्य पर्ने दुई हजार छ सय १३ वटा मोटरसाइकल आयात भएको थियो । जसबाट रु ३४ करोड ५४ लाख १० हजार राजस्व संकलन भएको छ । जबकी आव २०७९/८० मा भने रु ८३ करोड १९ लाख दुई हजार मूल्य पर्ने आठ हजार सय ९५ थान मोटरसाइकल आयात हुँदा एक अर्ब १८ लाख राजस्व संकलन भयो । आव २०७९/८० को तुलनामा आव २०८०/८१ मा मोटरसाइकलका सफ्याको आधारमा ६९ दशमलव ९५ प्रतिशत र राजस्वको आधारमा ६५ दशमलव ५२ प्रतिशतले घटेको छ ।

आव २०८०/८१ मा ९९ करोड ८४ लाख २३ हजार मूल्य पर्ने चार सय ७८ वटा ट्रक, मिनि ट्रक आयात हुँदा रु ५७ करोड नौ लाख २४ हजार राजस्व संकलन भएको छ । आव २०७९/८० मा भने रु ८३ करोड ७४ लाख ६९ हजार मूल्यका तीन सय ५४ वटा ट्रक, मिनि ट्रकको आयात हुँदा राज्यले रु ४८ करोड ३२ लाख नौ हजार राजस्व संकलन गरेको थियो ।

आव २०७९/८० को तुलनामा सफ्यात्मक रूपमा ती गाडीको आयात ३५ दशमलव ३ प्रतिश( तले बढेको छ । भने सोही अवधिमा राजस्व पनि १८ दशमलव १५ प्रतिशतले बढेको छ ।

# तल्लो सेतीका लागि जग्गा अधिग्रहण

■ प्रभाव संवाददाता

**तनहुँ**- तनहुँ जलविद्युत् आयोजनाले एक सय २६ मेगावाट क्षमताको तल्लो सेती जलविद्युत् आयोजनाका लागि पाँच सय रोपनी जग्गा अधिग्रहण गरेको छ ।

मुआब्जा वितरण, जलाशय, पावरहाउस र कर्मचारी आवाससहितको संरचना निर्माण गर्न रु ७० करोड खर्च हुने अनुमान गरिएको जलविद्युत् आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिए । आयोजनाबाट ऋषिङ गाउँपालिकाको वडा नं १ र ३, बन्दीपुर गाउँपालिको-६, देवघाट गाउँपालिका-२, ३ र ४, आँबुखैरनी गाउँपालिका-५ र ६, व्यास नगरपालिकाको १३ र १४ तथा चितवनको भरतपुर महानगरपालिकाको वडा नं २९ प्रभावित हुने बताइएको छ । बन्दीपुर गाउँपालिका-६ तथा देवघाट गाउँपालिका-३ को सिमान सराङघाट नजिक दुई सय १३ मिटर लम्बाइ, ३२ मिटर उचाइ र दुई सय मिटर चौडाइ भएको बाँध निर्माण गरिने प्रमुख भण्डारीले बताए ।

नेपाल विद्युत् प्राधिकारणको पूर्ण स्वामित्वको तनहुँ जलविद्युत् आयोजनाले एक सय २६ मेगावाट क्षमताको तल्लो सेती जलविद्युत् आयोजना सुरु गरेको हो । एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजना हाइड्रोपावर लिमिटेड निर्माणसँगै कम्पनीले तल्लो सेती जलविद्युत आयोजना निर्माणका लागि काम अघि बढाइएको आयोजना प्रबन्ध निर्देशक किरण श्रेष्ठले जानकारी दिए ।

करिब १८ किलोमिटर तल्लो तटीय क्षेत्रमा तल्लो सेती आयोजना निर्माण प्रस्ताव गरिएको हो । उत्पादित विद्युत् तनहुँ जलविद्युत् आयोजनाले निर्माण गरेको दुई सय २० केभी दमौली-नयाँ भरतपुर प्रसारण लाइनमा जोडेर राष्ट्रिय विद्युत् प्रणालीमा प्रवाह गरिने श्रेष्ठले बताए । देवघाट-४ गाईघाटमा अर्धभूमिगत विद्युत्गृहको निर्माण गरी विद्युत् उत्पादन गरिने छ । यसका लागि करिब दुई किलोमिटर प्रसारण लाइनको निर्माण गर्नुपर्ने उनले जानकारी दिए ।

## कर्पोरेट

### 'हुन्डाई फेस्टिभ डिलाइट' अफरको लक्की 'ड्र'




**काठमाडौं (प्रस)**- नेपालमा हुन्डाई मोटर्सको एकमात्र आधिकारिक वितरक लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले अगस्ट १, २०२४ मा 'हुण्डाई फेस्टिभ डिलाइट २०८०' अफरका भाग्यशाली विजेतालाई बम्पर पुरस्कारको रूपमा ब्राण्ड-नयाँ हुन्डाई एक्स्टर हस्तान्तरण गरेको छ । हुण्डाई शोरुम, नक्सालमा गरिएको लक्की ड्रमा सुनसरीका इन्द्रप्रसाद गुरागाईं विजयी भए, जसले कुपन नम्बर: ५३ को साथमा ब्राण्ड-नयाँ हुण्डाई एक्स्टर प्राप्त गरे । हुन्डाई कारको खरिदमा प्रत्येक ग्राहकले ६ लाखसम्मको ग्यारेन्टीयुक्त आकर्षक नगद छुट र निःशुल्क एक वर्षको व्यापक बीमा र सडक कर, स्क्र्याच कार्ड मार्फत १ लाखसम्म अतिरिक्त नगद छुट र १ भाग्यशाली प्राप्त गर्ने मौका पाएका छन् । विजेताले 'हुण्डाई फेस्टिभ डिलाइट २०८०' अफर अन्तर्गत लक्की ड्र मार्फत बम्पर पुरस्कारको रूपमा ब्राण्ड नयाँ हुन्डाई एक्स्टर प्राप्त गर्न सक्नेछन् ।

बम्पर लक्की ड्र को विजेता हुन्डाई नेपालको आधिकारिक फेसबुक पेजमार्फत घोषणा गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथि कन्ज्युमर आई नेपालकी अध्यक्ष विमला खनालले बम्पर लक्की ड्र गरेकी थिइन् ।

### ग्लोबल आइएमई र गल्फ एक्सचेन्जबीच सम्झौता



**काठमाडौं (प्रस)**- ग्लोबल आइएमई बैंक लिमिटेड र कतारमा अवस्थित गल्फ एक्सचेन्ज कम्पनीबिच कतारबाट नेपालमा सहज रूपमा रेमिटेन्स पठाउनेसम्बन्धी सम्झौता भएको छ । सम्झौताअनुसार रोजगारको सिलसिलामा कतारमा रहेका नेपालीहरूले गल्फ एक्सचेन्जको १७ वटा शाखा तथा गल्फ एक्सचेन्जको रेमिटेन्स एपबाट ग्लोबल रेमिट मार्फत सहज रूपमा नेपालमा रेमिटेन्स पठाउन सक्नेछन् ।

यसरी ग्लोबल रेमिट मार्फत पठाएको रकम ग्लोबल आइएमई बैंकको सम्पूर्ण शाखा कार्यालयहरू तथा नेपाल भरी रहेको आइएमई लिमिटेड र जीएमई रेमिटको ५०,००० भन्दा बढी एजेन्टहरूबाट भुक्तानी लिन सकिनेछ ।

साथै, यसै सम्झौता अनुसार कतारमा रहेका नेपालीहरूले आफ्नो तथा परिवारको ग्लोबल आइएमई बैंकको तथा नेपालको अन्य बैंक तथा वित्तीय संस्थामा भएको बैंक खातामा सहज रूपमा रेमिटेन्स पठाउन सकिनेछ । ग्लोबल आइएमई बैंक मुलुकका ७७ जिल्लामा शाखा सञ्जाल भएको निजी क्षेत्रको पहिलो बैंक हो । बैंकका १,१०० भन्दा बढी सेवा केन्द्रहरू, जसमा ३५४ शाखा कार्यालय, ३८४ एटीएम, २७७ शाखारहित बैंकिङ सेवाहरू, ६८ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टरहरू ३ वटा वैदेशिक प्रतिनिधि कार्यालयहरू रहेका छन् ।

### एसबीआई बैंकको सहयोग र शाखा स्थानान्तरण



**काठमाडौं (प्रस)**- नेपाल एसबिआई बैंक लि. ले बाग्लुङ नगरपालिका स्थित कालिका भगवती मन्दिरलाई सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत तिर्थालुहरूको सहजताका लागी आर्थिक सहयोग गरेको छ । कार्यक्रममा बैंकका प्रबन्ध संचालक तथा प्रमुख कार्यकारी अधिकृत, दीपक कुमार देले कालिका भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष, कुमार खड्कालाई औपचारिक रूपमा सहयोग रकम हस्तान्तरण गरेका थिए ।

उक्त कार्यक्रममा बैंकका नायब प्रमूख कार्यकारी अधिकृत तथा प्रमूख वित्तिय अधिकृत, राजेश कूमार पंडा, प्रमूख संचालन अधिकृत, यादवेंद्र कांत, प्रमुख व्यवसाय प्रबर्धन अधिकृत, रितेश अर्याल र बैंक तथा समितिका अन्य वरिष्ठ पदाधिकारीहरू समेतको उपस्थिति रहेको थियो । बैंकले समुदाय स्तरमा संस्कृति तथा सम्पदा संरक्षणको लागि समय समयमा यस्ता गति( तविधिहरू गर्दै आइरहेको छ । साथै, नेपाल एसबिआई बैंकले आफ्नो बागलुङ नगरपालिका-०२, लालिगुराँस चोक, बागलुङ बजारमा अवस्थित बागलुङ शाखा सोही नगरपालिकाको वडा नं-०३ स्थित हलन चोकमा स्थानान्तरण गरेको छ । त्यसैगरी, बैंकले आफ्नो पोखरा महा( नगरपालिका-०८ सभागृह चोकमा अवस्थित सृजनाचोक शाखा सोही स्थानमा रहेको नयाँ परिसरमा स्थानान्तरण गरी दुबै शाखाले नयाँ परिसरबाट सेवा सुभारम्भ गरेका छन् । यसबाट ग्राहकलाई थप सुविधा सहितको बैकिङ सेवा उपलब्ध हुने अपेक्षा बैंकले राखेको छ ।

# नेप्सेमा सामान्य 'करेक्सन'

**काठमाडौं (प्रस)**- धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीबार ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक पाँच दशमलव २९ अङ्कले ओरालो लागेर दुई हजार सात सय ५५ दशमलव ६२ मा सीमित भएको छ ।

ठूला कम्पनीको कारोबार मापक सेन्सेटिभ परिसूचक तीन दशमलव २९ अङ्कले ओरालो लागेर चार सय ९२ दशमलव ७५ मा सीमित भएको छ । कूल पाँच करोड १३ लाख २१ हजार छ सय २९ कित्ता शेयर रु २१ अर्ब ७१ करोड ३४ लाख ३१ हजार सात मूल्यमा कारोबार भएको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये सात उपसमूहको शेयर मूल्य ओरालो लागेको छभने छ उपसमूहको शेयर मूल्य भने उकालो लागेको छ ।

नेप्सेका अनुसार पाँच कम्पनीको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । त्यसमा एचआइडिसिएल, नेपाल हाइड्रो डेभलपर, शुभम् पावर, सिटी होटल र कुर्थली बुखारी स्मल हाइड्रोपावर छन् । यस्तै, पिपल्स हाइड्रोपावर नौ दशमलव १३, प्रभु बैङ्कको ऋणपत्र आठ दशमलव ६५, रसुवागढी हाइड्रोपावर सात दशमलव शून्य नौ, अप्पर सोलु हाइड्रोपावर छ दशमलव ७० र मन्दकानिकी हाइड्रोपावरका लगानीकर्ताले छ दशमलव ५५ प्रतिश( तले गुमाएका छन् ।

पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं ।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुंगी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी चार लगाऔं ।
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने ट्यांकी समय-समयमा सफा गरौं ।
- पानी ट्यांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा नियमित सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ